जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ११६ • २०८३ साल भाद्र २८ गते आइतबार (13 September, Sunday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जयनगरमा अप्रवासन कार्यालय

**टुडे समाचारदाता**

जनकपुरधाम । भारत सरकारले बिहार राज्यको मधुवनी जिल्ला अन्तरगतको सीमावर्ती जयनगरमा अप्रवासन कार्यालय (इमिग्रेशन अफिस) खोल्ने भएको छ।

नेपालको धनुषा जिल्लासित रेल र राजमार्गबाट जोडिएको जयनगरमा अप्रवासन कार्यालयको स्थापनाले तेस्रो मुलुकका नागरिकहरुलाई अब भारत जान सहज हुनेछ।

मधेश प्रदेशको जिल्लाहरुमा घुम्न आउने तेस्रो मुलुकका नागरिकहरुलाई भारत फर्कन काठमाण्डु जानुपर्ने बाध्यता हट्ने भएको छ।

भारत सरकारको गृह मन्त्रालय मातहतको अप्रवासन कार्यालय स्थापनासँगै मधेश भ्रमणमा आउने तेस्रो मुलुकका नागरिकलाई भारत प्रवेश गर्ने बैध मार्ग जयनगर हुनेछ।

जनकपुरधामबाट तेस्रो मुलुकका नागरिकहरु रेलबाट जयनगर जानुपर्ने हुन्छ। जयनगर सम्म जटही नाकाबाट पनि राजमार्ग भएर जान मिल्ने अथवा नमिल्ने अझै प्रष्ट भइसकेको छैन।

अहिले विदेशमा बसोबास गर्ने भारतीय नागरिक( एनआरआई) हरुले पनि सीमावर्ती क्षेत्रमा इमिग्रेशनको सुबिधा नहुँदा जनकपुरधामको जानकी मन्दिरमा दर्शन पुजागरि भारत जान काठमाण्डु फर्किनुपर्ने बाध्यात्मक अवस्था छ।

एनआरआइहरुले बिहारमा रहेका आफन्तहरुसित जनकपुरधाममा भेंटने अथवा फर्केर नयाँदिल्लीबाट भेंटन जाने अवस्थाको अन्त्य हुने भएको छ। भारतीय गृह मन्त्रालयले अप्रवासन कार्यालय खोल्ने निर्णय गरिसकेको छ।

जयनगरका वरिष्ठ पत्रकार ललित झाले जनाए अनुसार भारत सरकारका गृहमन्त्री अमित शाह र गृह राज्यमन्त्री नित्यानन्द रायको सकृयतामा जयनगरमा अप्रवासन कार्यालय स्थापन हुन लागेको छ।

भारतका लागि विजा प्राप्त व्यक्तिले जयनगर अप्रवासन कार्यालयमा कानुनी प्रकृया पुरागरि भारतमा सहज प्रवेश पाउने छन् ।यस अघि सीमावर्ती क्षेत्रमा तेस्रो मुलुकका नागरिकसित भारतको विजा भएपनि प्रवेश गर्ने प्रयासगर्दा जेल सम्म जानुपर्ने अवस्था थियो।

गृह राज्यमन्त्री राय बिहारका भारतीय जनता पार्टीको सांसद हुन्। उनको प्रयासमा नेपाल र भारतबीचको रेलवे जोड्ने भारतीय सहर जयनगरमा अप्रवासन कार्यालयको स्थापना गर्न लागिएको छ ।अप्रवासन कार्यालय सम्बन्धी निर्णय गृहमन्त्रालयले गरिसकेको छ।

जयनगरबाट भारतको प्रमुख सहरहरु जोड्ने रेल सेवा सञ्चालित छ। नेपालको एकमात्र रेल सेवा महोत्तरी जिल्लाको भँगहाबाट जनकपुरधाम हुँदै भारतको जयनगर सम्म जाने गरेको छ ।भारतले जयनगरमा इमिग्रेशन कार्यालय स्थापना गर्न लागेपनि नेपालको मधेश प्रदेशमा इमिग्रेशन कार्यालय रहेको छैन।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा इमिग्रेशन कार्यालय स्थापना भए भारतमा रहेका तेस्रो मुलुकका नागरिकहरु जयनगर भएर आउन सहज हुने पत्रकार झाले बताए।

### 'मधेश राज्य'का लागि संघर्षको आह्वान

## छठपछि सशक्त आन्दोलन गर्ने अग्रगामी मोर्चाको चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । ९ दलीय सम्मलित गठन गरिएको अग्रगामी मोर्चाले मधेश प्रदेशस्तरीय भेला तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा मोर्चामा आबद्ध दलका शीर्ष नेताहरूले मधेशका अधिकार, संघीयता र प्राप्त उपलब्धिको संरक्षणका लागि थप संघर्ष आवश्यक रहेको बताएका छन्।




जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेश प्रदेश निर्माण भए पनि अब 'मधेश राज्य' निर्माणका लागि संघर्ष गर्नुपर्ने बताएका छन् । 'अप्पन शासन, अप्पन प्रशासन, कानुन र भाषाको अधिकार' सुनिश्चित नभएसम्म मधेशी जनताले पूर्ण अधिकार प्राप्त गर्न नसक्ने उनको भनाइ थियो।

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले विगतदेखि नै मधेशी जनताको भाषा, संस्कृति, रहनसहन र पहिचानमाथि विभेद हुँदै आएको दाबी गरे। मधेशी जनतामाथि शोषण र दोहन भइरहेको आरोप लगाउँदै उनले वर्तमान सरकारले मधेशी जनतालाई मतदाता र करदाताका रूपमा मात्रै हेरेको टिप्पणी गरे।

सीमानाकाक्षेत्रमा विभिन्न किसिमका कर लगाएर जनतालाई थप बोझ दिइएको भन्दै यादवले वर्तमान सरकारलाई 'कठपुतली सरकार'को संज्ञा दिए । चुनावका बेला संघीयता बलियो बनाउने प्रतिबद्धता जनाएर मधेशी जनताको मत लिएको तर संविधान संशोधनको विषयमा सरकार पछि हटेको उनको आरोप थियो।

यादवले नेपालको विद्यमान निर्वाचन प्रणाली भ्रष्टाचारको प्रमुख कारणमध्ये एक रहेको दाबी गर्दै निर्वाचन प्रणाली परिवर्तन गरी समानुपातिक निर्वाचन प्रणाली लागू गर्नुपर्नेमा जोड दिए । छठ पर्वपछि पनि मधेशी जनताले न्याय र अधिकार प्राप्त गर्न नसके अग्रगामी मोर्चाले थप सशक्त आन्दोलन अघि बढाउने उनले चेतावनी दिए।

सो कार्यक्रममा प्रगतिशील लोकतान्त्रिक पार्टीका संरक्षक जनार्दन शर्माले नेपाली जनताको बलिदानको जगमा स्थापना भएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई स्थायित्व दिन अग्रगामी मोर्चा निर्माण गरिएको बताए। सीमावर्ती क्षेत्रमा बसोबास गर्ने मधेशी जनता नै राष्ट्रवादका वास्तविक पहरेदार भएको उल्लेख गर्दै उनले अधिकार माग्ने मधेशीलाई विदेशी देख्ने दृष्टिकोण परिवर्तन गर्नुपर्ने बताए।

त्यस्तै जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. चन्द्रकान्त राउतले अधिकार प्राप्ति तथा प्राप्त उपलब्धिको संरक्षणका लागि अग्रगामी मोर्चा निर्माण भएको बताए । मोर्चालाई दीर्घकालीन रूपमा टिकाउन आबद्ध दलका नेताहरू इमानदारीपूर्वक अघि बढ्नुपर्ने उनको भनाइ थियो।

वर्तमान सरकारप्रति कटाक्ष गर्दै राउतले नेपालीलाई विदेश जानबाट रोक्ने तथा विदेशमा रहेका नेपालीलाई स्वदेश फर्काउने प्रतिबद्धता जनाएको सरकारले दुई तिहाइको समर्थन पाएपछि झन् बढी नेपाली विदेशिने अवस्था सिर्जना गरेको आरोप लगाए । उनले वर्तमान सरकार पूर्ण रूपमा असफल भइसकेको दाबी गर्दै आफूहरू नेतृत्व लिन तयार रहेको बताए।

मधेशमा लामो समयदेखि संघर्ष गरेका नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरूले समेत मधेशी जनतालाई अधिकार दिन नसकेको अवस्थामा सेनाको बलमा बनेको सरकारबाट अधिकार प्राप्त हुने अपेक्षा गर्नु 'दिवास्वप्न' भएको राउतले टिप्पणी गरे।

त्यस्तै, आम जनता पार्टी नेपालका अध्यक्ष प्रभु साहले राज्य सञ्चालन गर्ने नेतृत्वको बेइमानीका कारण अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको आरोप लगाए। पूर्वमन्त्रीसमेत रहेका साहले राज्यले विभिन्न समयमा सम्झौता गर्ने तर कार्यान्वयनका क्रममा बेइमानी गर्ने प्रवृत्तिका कारण जनता पीडित हुँदै आएको बताए।

सो कार्यक्रममा अग्रगामी मोर्चामा आबद्ध दलका शीर्ष नेताका साथै मधेश प्रदेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाहीलगायत जिल्लाबाट नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो।

### मधेशमा शिक्षामन्त्री पोखरेलको हुटिङ

## आफ्नै पार्टीका नेता-कार्यकर्ताको विरोधपछि कार्यक्रमस्थलबाट फरार

**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहाको औरही गाउँपालिकामा आयोजित एक कार्यक्रममा पुगेका संघीय सरकारका शिक्षा मन्त्री तथा सरकारका प्रवक्ता सस्मित पोखरेल आफ्नै पार्टीका स्थानीय नेता-कार्यकर्ताको विरोधपछि बोल्दाबोल्दै कार्यक्रमस्थलमा हुटिंग हुँदा उनलाई बाहिरिनुपरेको छ।



औरही गाउँपालिकाको शिक्षा शाखाको आयोजनामा भएको कार्यक्रममा सहभागी हुन मन्त्री पोखरेल सिरहा पुगेका थिए । तर कार्यक्रममा स्थानीय पार्टी नेतृत्वसँग समन्वय नगरिएको, नेता-कार्यकर्तालाई उचित स्थान नदिइएको तथा अपमानजनक व्यवहार गरिएको भन्दै पार्टीकै स्थानीय नेता तथा कार्यकर्ताले कडा विरोध जनाएपछि केहीबेर कार्यक्रमस्थलमा तनावपूर्ण अवस्था सिर्जना भएको थियो।

कार्यक्रममा सहभागी भएका राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का एक नेताले जनाए अनुसार सिरहाबाट प्रतिनिधित्व गर्ने दुई जना प्रतिनिधिसभा सदस्यसमेत कार्यक्रममा उपस्थित भए पनि स्थानीय पार्टी नेतृत्व तथा नेता-कार्यकर्तासँग आवश्यक समन्वय गरिएको थिएन।

ती नेताले जनाए अनुसार स्थानीय नेता-कार्यकर्तालाई कार्यक्रमबारे अन्तिम समयमा मात्र जानकारी दिइएको थियो। कार्यक्रममा पुगेपछि पनि उनीहरूलाई कुनै जिम्मेवारी वा उचित स्थान नदिइएको र उल्टै अपमानजनक व्यवहार गरिएको आरोप लगाइएको छ।

ती नेताले भने, 'अन्तिम समयमा मात्रै खबर गरियो । तर, कार्यक्रममा आएपछि पनि स्थानीय नेता-कार्यकर्तालाई कुनै स्थान दिइएन । उल्टै अपमानजनक व्यवहार गरियो।'

उनले रास्वपा औरही गाउँपालिकाका नगर सभापति सन्तोष यादवलाई समेत सो कार्यक्रममा आसन ग्रहणका लागि स्थान नदिँदा स्थानीय नेता यादव चुपचाप कार्यक्रमको भिडियो खिचिरहँदा मन्त्री पोखरेलसँगै आएका एक सहयोगीले सुरक्षाकर्मीको सहयोगमा उनको मोबाइल जवर्जस्ती खोस्ने प्रयास गरेपछि विवाद थप चर्किएको दाबी गरिएको छ।

'बाहिरबाट आएका माननीयहरूलाई स्थान दिइने, तर आफ्नै पार्टीका स्थानीय शीर्ष नेताहरूलाई खबरसमेत नगर्ने ? यो कस्तो समन्वय हो ?' ती नेताले प्रश्न गरे।

स्थानीय नेता-कार्यकर्ताले कार्यक्रम व्यवस्थापनप्रति असन्तुष्टि जनाउँदै विरोध गरेपछि कार्यक्रममा केहीबेर होहल्लासमेत भएको थियो । सहभागी एक नेताले जनाए अनुसार कार्यक्रममा उपस्थित नेता-कार्यकर्तालाई समेत मन्त्रीका पीए र पीएसओको प्रयोग गरेर बाहिर निकाल्न खोजिएको थियो।

सोही क्रममा स्थानीय पार्टी नेतृत्वमाथि निरन्तर अपमानजनक व्यवहार भएको भन्दै जिससका नेता दिनेश महतोले समेत विरोध जनाएका थिए।

सो कार्यक्रममा भिडियो खिच्नसमेत रोक लगाइएको भन्दै रास्वपाका नगर सभापति यादवले आपत्ति जनाउँदै बोल्न थालेपछि विवाद थप बढेको बताइएको छ । यादवको भनाइमा अन्य स्थानीय नेता-कार्यकर्ताले समेत समर्थन जनाएपछि कार्यक्रमस्थलमा होहल्ला भएको थियो।

सो कार्यक्रममा सहभागी अर्का एक नेताका अनुसार मन्त्रीका सहयोगीका रूपमा आएका व्यक्तिको आदेशमा नगर सभापति यादवको मोबाइल खोस्ने प्रयास भएपछि अवस्था झनै तनावपूर्ण बनेको थियो।

'मन्त्रीज्यू बोल्नका लागि स्टेजमा पुग्नुभएको थियो । अन्य माननीयहरूसँग कुरा भइरहेकै बेला उहाँ एकाएक बाहिरिनुभयो,' ती नेताले भने।

स्थानीय नेता तथा कार्यकर्ताको विरोध र होहल्लाका बीच मन्त्री पोखरेलले आफ्नो सम्बोधन अघि बढाउन नसकेको र कार्यक्रमस्थलबाट बाहिरिएको बताइएको छ।

शिक्षा मन्त्री पोखरेल विभिन्न कार्यक्रममा सहभागी हुन दुई दिनदेखि सिरहामै थिए । उनीसँगै सिरहा क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य शिव यादव तथा रास्वपाका सहमहामन्त्री एवं प्रतिनिधिसभा सदस्य पुरुषोत्तम यादवसमेत औरही गाउँपालिकामा आयोजित कार्यक्रममा सहभागी थिए।

मन्त्रीको उपस्थितिमा आयोजित कार्यक्रममा आफ्नै पार्टीका स्थानीय नेता तथा कार्यकर्ताबाट विरोध भएपछि पार्टीभित्रको समन्वय, कार्यक्रम व्यवस्थापन तथा स्थानीय नेतृत्वसँगको सम्बन्धबारे प्रश्न उठेको छ।

## 'नियोजित भ्रम फैलाइयो'

**टुडे समाचारदाता**

जनकपुरधाम । शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले विद्यालय शिक्षा सुधारका लागि सञ्चालन गरिएको अभियानलाई प्रभावित पार्ने उद्देश्यले केही व्यक्तिले नियोजित रूपमा भ्रम फैलाउन खोजेको जिकिर गरेका छन्।

मधेश प्रदेशका विभिन्न जिल्लामा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ परिमार्जनका लागि सुझाव संकलन गरिरहेका बेला सिरहा र सप्तरीमा दुई जना व्यक्तिले कार्यक्रमस्थलमा आएर अवरोध सिर्जना गरेको र त्यसलाई आधार बनाएर सामाजिक सञ्जालमा गलत प्रचार गरिएको मन्त्री पोखरेलको दाबी छ।


सामाजिक सञ्जालमा मन्त्री पोखरेललाई कार्यक्रममा 'लखेटिएको' भन्दै भाइरल भइरहेका भिडियो तथा पोस्टबारे स्पष्टीकरण दिँदै उनले उक्त घटनालाई 'नियोजित भ्रम'को संज्ञा दिए।

शिक्षामन्त्री पोखरेलले कार्यक्रमका क्रममा दुईजना व्यक्तिले हल्ला तथा अवरोध सिर्जना गरेपछि विद्यार्थी, शिक्षक र अभिभावकसहित अन्य सहभागीको सहभागिता प्रभावित हुने अवस्था बनेको दाबी गरे। तर, सोही घटनाको छोटो भिडियो क्लिपलाई मात्र आधार बनाएर समग्र घटनाको सन्दर्भ नै बंग्याउने गरी प्रचारबाजी गरिएको उनले बताए।

फेसबुकमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै मन्त्री पोखरेलले लोकतान्त्रिक व्यवस्थामा असहमति जनाउने अधिकार सबैलाई भए पनि घटनाको पूर्ण सन्दर्भ नबुझी छोटो भिडियोका आधारमा धारणा बनाउनु उचित नहुने बताए।

सो कार्यक्रममा अवरोध सिर्जना भएको घटनापछि पनि आफूहरूले अभियान नरोकेको मन्त्री पोखरेलले प्रस्ट्याए।

मधेश प्रदेशमा रास्वपाको बढ्दो प्रभाव तथा शिक्षा क्षेत्रमा भइरहेका सकारात्मक कामका कारण केही पक्ष असन्तुष्ट हुनु स्वाभाविक भएको मन्त्री पोखरेलले टिप्पणी गरे।



## नेपाल प्रहरीको अस्थायी अस्पताल सञ्चालनमा

त्रिशूली । भोटेकोशी नदीमा आएको बाढीपश्चात् उत्पन्न हुनसक्ने स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै नेपाल प्रहरी अस्पताल महाराजगञ्जले नुवाकोटमा पाँच श्ययाको अस्थायी फिल्ड अस्पताल सञ्चालनमा ल्याएको छ ।

त्रिशूली नदीको बाढीले त्रिशूली अस्पतालसँगको सम्पर्क विच्छेद भइरहेको समयमा बाढीपश्चात् फैलन सक्ने रोगको सङ्क्रमण नियन्त्रणलाई मध्यनजर गर्दै नेपाल प्रहरीले पाँच श्ययाको लेभल-१ अस्पताल विदुरमा सञ्चालनमा ल्याएको हो ।

अस्पतालबाट विशेषज्ञ चिकित्सकमार्फत चौबिसै घण्टा आकस्मिक सेवासहित बहिरङ्ग (ओपिडी), वार्ड, प्रयोगशाला, औषधिलगायत सुविधा आमसर्वसाधारणले निःशुल्क पाउने व्यवस्था मिलाएको प्रहरी अस्पतालमा कार्यरत प्रहरी नायब महानिरीक्षक दामोदर पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार भोटेकोशी हुँदा त्रिशूली नदीमा आएको बाढीका कारण मानवीय र पशुचौपाय क्षतिपश्चात् फैलनसक्ने सङ्क्रमणजन्य रोग नियन्त्रणलाई केन्द्रित गर्दै फिल्ड अस्पताल सञ्चालनमा ल्याइएको हो ।

"बाढीपछि उत्पन्न हुनसक्ने स्वास्थ्य समस्यालाई दृष्टिगत गर्दै स्वास्थ्य उपचारका लागि प्रहरीले विशेषज्ञ जनशक्ति, आवश्यक यन्त्र-उपकरणसहित औषधि सेवा निःशुल्क उपलब्ध गराएको छ", प्रहरी नायब महानिरीक्षक पौडेलले भन्नुभयो, "बाढीले पुल बगाएकाले त्रिशूली अस्पतालको सेवा लिन रसुवा, नुवाकोट तथा त्रिशूलीका बासिन्दालाई कठिनाइ भइरहेको छ । स्वास्थ्यमा सानो समस्या देखिए उपचार गराउन अन्यत्र जिल्ला जानुपर्ने बाध्यता बनेकाले विशेषज्ञसहितको सेवा उपलब्ध गराउन विदुरमा फिल्ड अस्पताल सञ्चालन गरिएको हो ।"रासस

भोटेकोशी बाढी :

# शव पहिचानमा प्रहरीका तीन उपाय



काठमाण्डु । भोटेकोशी बाढीमा मृत्यु भएका व्यक्तिको शव पहिचानका लागि संकलित नमुनाका आधारमा अहिले विधिविज्ञान प्रयोगशालामा धमाधम डिएनएन परीक्षण भइरहेको छ ।

नेपाल प्रहरीको केन्द्रीय विधिविज्ञान प्रयोगशाला र खुमलटारस्थित नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)को प्रयोगशालामा डिएनए परीक्षण भइरहेको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले राससलाई जानकारी दिनुभयो ।

शव पहिचानका लागि सङ्कलित डिएनए नमुनामा कुनै त्रुटि नहुने गरी सुक्ष्म रूपमा परीक्षण कार्य अघि बढाइएको छ ।

नेपाल प्रहरीको विशेषज्ञ टोलीलाई सघाउन भारत, चीन, दक्षिण कोरिया र सिङ्गापुरका विज्ञ नेपाल आएका छन् । प्रहरीको विधिविज्ञान प्रयोगशालामा भारतीय र कोरियाली तथा खुमलटारस्थित प्रयोगशालामा भारतीय र चिनियाँ टोलीले सघाइरहेका छन् ।

डिएनए परीक्षणका लागि चार वटा मेसिन सञ्चालन गरिएको छ । सो मेसिनले आवश्यक तयारीपश्चात ९० मिनेटमा एउटा नतिजा निकाल्छ । अर्को नमुनाको परीक्षणका लागि सो मेसिनलाई पूर्ण रूपमा निर्मलीकरण गर्नुपर्ने हुन्छ ।

मृतकको हड्डी र दाँतबाट डिएनए परीक्षण गर्दा चार दिनसम्म लाग्ने विशेषज्ञ चिकित्सकको भनाइ छ । दाँत र हड्डीबाट डिएनए निकाल्दा ती अङ्गलाई धुलो बनाइन्छ । धुलोलाई विशेष केमिकलमा राखेर ७२ घण्टापछि मात्रै प्रक्रियामा लगिन्छ ।

शनिबार अपराह्नसम्म फेला परेका शवको पहिचानका लागि डिएनए नमुना सङ्कलनदेखि आवश्यक प्रक्रिया पूरा गरी एक हजार २३० वटा शव माटोमुनि व्यवस्थापन गरिएको छ । शव पहिचानका लागि मृतकका एक हजार २८६ र आफन्तका एक हजार ७७९ गरी कुल तीन हजार ६५ वटा डिएनए नमुना सङ्कलन गरिएको छ ।

प्रहरीको प्रयोगशालाको वार्षिक ४०० डिएनए परीक्षण गर्ने क्षमता छ । अहिले दैनिक २५-३० वटा नमुनाको परीक्षण भइरहेको प्रहरी नायब महानिरीक्षक काफ्लेले जानकारी दिनुभयो । प्रहरीले भदौ १३ गतेदेखि डिएनएको नमुना सङ्कलन गरिरहेको छ । हालसम्म करिब ४०० बढी नमुनाको डिएनए परीक्षण गरिएको छ ।

कतिपय नमुनाको पुनःपरीक्षण गर्नुपर्ने अवस्था आउने विज्ञको भनाइ छ । हड्डी र दाँतको करिब ३० प्रतिशत नतिजा दोहोऱ्याउनुपर्ने हुनसक्ने बताइन्छ ।

फेला परेका शवको नमुनाबाट जतिसक्दो डिएनएन परीक्षण गर्नेगरी काम भइरहेको प्रवक्ता काफ्लेले बताउनुभयो । डिएनए परीक्षणलाई तीव्र बनाउन बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडामा पनि प्रयोगशाला सञ्चालनमा ल्याउने तयारी गरिएको छ । "हेटौँडास्थित प्रदेश प्रहरी कार्यालयमा पनि चाँडोभन्दा चाँडो अर्को प्रयोगशाला सञ्चालन गर्दैछौँ, मेसिन ल्याइसकेका छौँ, 'सेटअप' भइरहेको छ, एक हप्ताभित्र सञ्चालनमा आउँछ", उहाँले भन्नुभयो । भोटेकोशी विपद्पछिको खोज, उद्धार, शव पहिचान र व्यवस्थापनलाई प्राथमिकतामा राखी प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले पहल लिइरहनुभएको छ ।

### डिएनए 'म्याचिङ' गर्न 'कोडिस' सफट्वेयरको प्रयोग

फेला परेका शव र हराइरहेकाको नजिकको आफन्तको नमूना सङ्कलन गरेर डिएनए म्याचिङ्ग गर्न 'कम्बाइन डिएनए इन्डेक्स सिस्टम' (कोडिस) सफ्टवेयर प्रयोगमा ल्याइएको छ ।

"मृतकको र आफन्तको डिएनए निकालेर सफ्टवेरमा हालेपछि त्यसले ' म्याचिङ' गर्ने हो", केन्द्रीय प्रहरी प्रवक्ता काफ्लेले भन्नुभयो । कोडिस अन्तरराष्ट्रिय सफ्टवेयर हो ।

"यो सफ्टवेयरले मृतक र आफन्तको डिएनएको रिपोर्ट राखेपछि त्यो सिस्टमले 'म्याचिङ' भएको देखाउँछ", उहाँले भन्नुभयो, "त्यसपछि सम्बन्धित व्यक्तिलाई आवश्यक कागजातका आधारमा उक्त शव निकालेर अन्तरराष्ट्रिय अभ्यास र कानुनबमोजिम हस्तान्तरण गर्छौं ।"

डिएनए परीक्षणका कामलाई जतिसक्दो चाँडो सम्पन्न गर्न प्रहरीका त्यससम्बन्धी सम्पूर्ण जनशक्ति परिचालित गरिएको छ । प्रहरीका सबै जनशक्तिलाई कुनै पनि बिदा नदिइ २४ सै घण्टा ड्युटीमा खटाइएको छ ।

"डिएनए प्रोफाइलिङमा स्वदेशी तथा विदेशी जनशक्तिको सहयोग लिइएको छ । विदेशी जनशक्ति पनि नेपालमा आएका छन्", उहाँले भन्नुभयो । डिएनए खर्चिलो र समय लाग्ने परीक्षण हो । त्यसका लागि नेपाल सरकारले आवश्यक स्रोत साधनको व्यवस्था गरिदिएको छ ।

मृतकको शव फेला पर्नेक्रम बढिरहेको र आवश्यक उपकरण तथा जनशक्तिको अभावले प्रहरीलाई चुनौती दिइरहेको छ । सातै प्रदेशमा विधिविज्ञान प्रयोगशाला सञ्चालनमा ल्याउन सकिए अहिलेको चुनौती कम हुनेछ ।

नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशीका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक योगबहादुर पाल बाढी प्रभावित क्षेत्रबाट सङ्कलित मृतक र आफन्तबाट सङ्कलित नमुना आउनेक्रम जारी रहेको बताउनुहुन्छ ।

"सङ्कलित नमुनालाई सुरक्षित भण्डारण गर्नुका साथै परीक्षणसम्बन्धी सम्पूर्ण मापदण्ड पूरा गरी डिएनए परीक्षणमा अहोरात्र खटिएर कार्य गरिरहेका छौँ", उहाँले भन्नुभयो ।

कुनै पनि व्यक्तिको पहिचानका साथै व्यक्तिहरू बीचको जैविक सम्बन्ध स्थापित गर्नका निमित्त डिएनए प्रोफाइलिङ सबैभन्दा प्रभावकारी साधनको रूपमा मानिन्छ ।

### शव पहिचानमा प्रहरीका तीन उपाय

फेला परेका शव पहिचानका लागि प्रहरीले तीन उपाय अपनाएको छ । प्रहरी प्रवक्ता काफ्ले डिएनए परीक्षण, शवको औँठा छाप र फोटो भिडान गरेर शवको पहिचानको विधि अलम्बन गरिएको सुनाउनुहुन्छ ।

हराएका व्यक्ति र शवको फोटो भिडान गर्न प्रहरीले 'डिजास्टर भिक्टिम आइडिन्टिफिकेसन' सफ्टवेयरसमेत विकास गरेको छ । "केही शवको औँठाछाप निकालेका छौँ, त्यसलाई प्राविधिक रूपान्तरण गरेर कहाँकहाँ हुन सक्छन् भनेर खोजी गरिरहेका छौँ", उहाँले भन्नुभयो ।

औँठाछाप 'भेरिफाइड' गर्न प्रहरीले राष्ट्रिय परिचयपत्रलगायतको प्रणालीबाट जैविक विवरण लिइएको छ । यो विधिलाई कम खर्चिलो र छरितो मानिएको छ । यद्यपि, हात नभएका तथा गलेका शवबाट औँठाछाप लिन नसकिने प्रहरीको भनाइ छ । रासस

## भोटेकोशी बाढीः जलविद्युत् आयोजनामा फसेकाको उद्धार जारी



काठमाण्डु । नेपाली सेनाले भोटेकोशी बाढीबाट विभिन्न जलविद्युत् आयोजनाको सुरुङ तथा विद्युत् गृहमा फसेकाको उद्धारलाई प्राथमिकतामा राखी खोजी गरिरहेको छ ।

सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतले रसुवाको स्याफ्रुबेँसीबाट चिलिमे जलविद्युत् आयोजनाको सुरुङसम्म पुग्ने करिब एक किलोमिटर बढी पहुँच सडक निर्माण गरी हराइरहेकाको खोजी जारी राखिएको जानकारी दिनुभयो ।

चिलिमे आयोजनाको सुरुङ क्षेत्रमा ठाउँ साँघुरो हुँदा हेलिकप्टरबाट डोजर झार्न नसकिएकाले पहुँच सडक निर्माण गर्नुपरेको हो ।

सेनाको उद्धार टोली त्यस कार्यमा २४सै घण्टा खटिइरहेको छ । उहाँले भन्नुभयो, "त्यहाँ बाढीले ल्याएको एकदमै बाक्लो लेदो रहेछ, हाम्रो टोलीले रातभरि नै सुरुङ सफा गरिरहेका छन् ।"

सेनाका अनुसार माथिल्लो त्रिशूली-१ बाट हालसम्म चार वटा शव सङ्कलन भएको छ ।

त्रिशली-३ 'बी'मा र चिलिमेलाई केन्द्रित गरेको उद्धारका प्रयास भइरहेको सेनाले जनाएको छ । त्रिशूली-३ बीमा एक सयभन्दा बढी फौज उद्धारमा खटिइएका छन् ।

यस्तै, चिलिमे आयोजनाको सुरुङमा अहिले नेपाली सेना र भारतीय उद्धारकर्मीले संयुक्त रूपमा उद्धार प्रयास जारी राखेको छन् । रासस

# विपद्मा काभ्रे : जोखिम पहिचान, पूर्वसूचना, सुरक्षित निर्माण र पूर्वतयारीलाई प्राथमिकता

बनेपा । काभ्रेपलाञ्चोकले विपद्पछि उद्धार र राहतमा केन्द्रित हुने अभ्यास परिवर्तन गर्दै जोखिम पहिचान, पूर्वसूचना, सुरक्षित निर्माण र पूर्वतयारीलाई प्राथमिकता दिन थालेको छ । विपद्का घटनाबाट जनधनको क्षति बेहोर्दै आएको यस जिल्लामा पछिल्ला तीन आर्थिक वर्षमा १४ हजारभन्दा बढी विपद्का घटना भएका छन् ।

बाढी, पहिरो, आगलागी, चट्याङ, करेन्ट लाग्ने, महामारी तथा जनावरको आक्रमणदेखि लडेर मृत्यु हुनेलगायत घटनाबाट जनधनको क्षति बेहोर्दै आएको यस जिल्लाले पूर्वतयारीका क्रियाकलापलाई प्राथमिकतामा दिएको हो ।

भौगोलिक विविधता र जटिल भू-बनोटका कारण विपद्को जोखिममा रहेको जिल्लामा विगतका घटनाबाट प्राप्त अनुभवका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिले जोखिमयुक्त बस्तीको पहिचान तथा रेखाङ्कन, प्रतिकार्य क्षमता अभिवृद्धि, राहत तथा पुनःस्थापना र दीर्घकालीन जोखिम न्यूनीकरणका योजना अघि बढाएको हो ।

जिल्ला प्रशासन कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ देखि २०८२/०८३ सम्म जिल्लामा १४ हजार ३०४ वटा विपद्का घटना दर्ता भएका छन् । आव २०८०/८१ मा ३७९, २०८१/०८२ मा १३ हजार ८७३ र २०८२/८३ मा १६२ वटा घटना भएका थिए । आव २०८०/८१ मा २३५ आगलागी र ८७ बाढी, पहिरोसहित ३७९ घटना भएका थिए । विपद्का कारण १७ जनाको मृत्यु र १५ जना घाइते भएका थिए ।

आव २०८१/८२ भने जिल्लाका लागि विपद्का दृष्टिले निकै क्षतिको वर्ष रह्यो । उक्त वर्ष १३ हजार ८७३ घटना दर्ता भएकामा १३ हजार ७०८ बाढी, पहिरो र ११६ आगलागीका थिए । विपद्मा परी ९१ जनाको मृत्यु, ११३ घाइते र आठ जना बेपत्ता भएका थिए । आठ हजार ९०८ घर तथा गोठमा क्षति पुगेको थियो भने दुई हजार ७१० चौपायाको क्षति भएको थियो ।

आव २०८२/८३ मा बाढी-पहिरोका ९९ र आगलागीका २९ सहित १६२ घटना भएका थिए । ती घटनामा १३ जनाको मृत्यु र १२ जना घाइते भएका थिए । चालु आवको सुरुआतमै जिल्लाले विपद्को अर्को पीडादायी अवस्था सामना गरिरहेको छ । यही भदौ १० गते रसुवाको भोटेकोशीमा गएको बाढीपछि रोजगारी तथा भ्रमणका क्रममा त्यहाँ पुगेका काभ्रेका नागरिक अझै बेपत्ता छन् ।


जिल्ला प्रशासन कार्यालयका अनुसार ६५ जनामध्ये २४ जना सकुशल परिवारको सम्पर्कमा आएका र एक जनाको शव परिवारले बुझेका छन् भने ४० जना अझै सम्पर्कविहीन छन् । त्यस्तै, चालु आवको साउनमा रोशी खोलामा बगेर एक जनाको मृत्यु भएको थियो भने भुम्लु र धुलिखेलमा करेन्ट लागेर दुई जनाको ज्यान गएको थियो ।

जिल्ला विपद् व्यवस्थापन समितिले १३ वटै स्थानीय तहको विपद् जोखिमको वर्गीकरण तथा रेखाङ्कन गरेको छ । समग्र सङ्कटासन्नताका आधारमा पाँचखाल, बनेपा, धुलिखेल, नमोबुद्ध, पनौती, महाभारत र खानीखोला गरी सात पालिका उच्च जोखिममा छन् भने मण्डनदेउपुर, भुम्लु, रोशी, बेथानचोक, तेमाल र चौँरीदेउराली मध्यम जोखिममा छन् ।

विषयगत रूपमा मण्डनदेउपुर, भुम्लु, रोशी, बेथानचोक, महाभारत, तेमाल, खानीखोला र चौँरीदेउराली पहिरोको उच्च जोखिममा छन् । पाँचखाल, बनेपा, नमोबुद्ध, पनौती, महाभारत र खानीखोलामा बाढीको जोखिम उच्च रहेको छ । रोशी खोला, इन्द्रावती, सुनकोशी तथा पुण्यमाता करिडोर आसपासका बस्ती बाढी तथा नदी कटानको जोखिममा रहेका छन् । पहिरो र भूकम्पीय दृष्टिले भने १३ वटै स्थानीय तह जोखिममा छन् ।

जोखिमयुक्त क्षेत्रको पहिचानसँगै अतिजोखिमयुक्त बस्तीको नियमित अनुगमन तथा जोखिम नक्साङ्कन गर्ने, पूर्वसूचना प्रणाली प्रभावकारी बनाउने, स्थानीय तहसँग समन्वय गरी पूर्वतयारी तथा प्रतिकार्यका लक्षित कार्यक्रम सञ्चालन गर्ने योजना अघि बढाइएको छ । जोखिम नक्साङ्कनलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण, खोज तथा उद्धार सामग्री र जनशक्ति समयमै परिचालन गर्नसमेत उपयोग गरिनेछ ।

जोखिमयुक्त क्षेत्रको पहिचानसँगै प्राविधिक टोलीले विस्तृत क्षति आकलन गरी भौगोलिक अवस्थिति, तस्बिर तथा प्रमाणीकरणसहितका विवरण डिजिटल 'विपद् पोर्टल' मा समावेश गरेको छ । यसबाट क्षतिको विवरण सङ्कलन, लाभग्राही पहिचान तथा राहत र पुनःस्थापनाका कार्यक्रम सञ्चालनमा सहयोग पुग्ने प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जानकारी दिनुभयो ।



विपद्बाट प्रभावित परिवारको पुनःस्थापनाका लागि अस्थायी आवास अनुदान वितरण भइरहेको छ । पहिलो किस्ताबापत तीन हजार १६५ लाभग्राहीलाई रु सात करोड ९१ लाख २५ हजार र दोस्रो किस्ताबापत एक हजार ६६० लाभग्राहीलाई रु चार करोड १५ लाख गरी हालसम्म रु १२ करोड छ लाख २५ हजार निकासा भइसकेको छ ।

पूर्ण क्षति भएका निजी आवासको स्थायी निर्माणका लागि प्रतिपरिवार रु चार लाख अनुदान उपलब्ध गराउने प्रक्रियाअन्तर्गत रोशी गाउँपालिकाका २३९, बेथानचोक गाउँपालिकाका २५२ र मण्डनदेउपुर नगरपालिकाका ५२ परिवारलाई लाभग्राहीका रूपमा सिफारिस गरिएको छ । उनीहरूको सम्झौता, विवरण रुजु तथा अनुदान हस्तान्तरणको प्रक्रिया अघि बढाइएको छ ।

अन्य विपद्को क्षति न्यूनीकरणतर्फ पनि काम भइरहेको छ । चालु आवमा बर्डफ्लुबाट प्रभावित २० वटा कृषि फार्मलाई रु चार करोड ९४ लाख ९८ हजार ७६६ रूपैयाँ ५० पैसा राहत तथा क्षतिपूर्ति उपलब्ध गराइएको छ भने थप १० फार्मको प्रक्रिया अघि बढाइएको छ ।

विपद् प्रतिकार्यका लागि १३ वटा स्थानीय तहको विपद् कोषमा कुल रु चार करोड १६ लाख ६२ हजार १३७ रूपैयाँ ३२ पैसा मौज्दात रहेको छ । जिल्ला विपद् कोषमा रु ७४ लाख १३ हजार ६५१ र प्रदेश विपद् कोषमा रु १० लाख ४७ हजार ७९० मौज्दात रहेको छ ।

आपतकालीन उद्धार तथा प्रतिकार्यका लागि जिल्लामा ११ वटा विषयगत क्लस्टर गठन गरिएको छ । खोज तथा उद्धार, पूर्वाधार, खाद्य तथा कृषि, आश्रयस्थल, स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, बजार अनुगमन, पोषण, वातावरण र सामाजिक संरक्षणलगायत क्षेत्रमा सम्बन्धित कार्यालय प्रमुखलाई जिम्मेवारी दिइएको छ ।

खोज तथा उद्धारका लागि नेपाली सेनाका ४१, नेपाल प्रहरीका ८० र सशस्त्र प्रहरी बलका ५८ जना तालिमप्राप्त सुरक्षाकर्मीलाई आवश्यकताअनुसार परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राखिएको छ । तेह्रवटै स्थानीय तहमा नेपाल रेडक्रसका ३५ जना प्रतिनिधिसहित स्थानीय युवा स्वयंसेवकलाई आवश्यकताअनुसार परिचालन गर्ने व्यवस्था गरिएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिले विपद् आउनुअघि नै जोखिम घटाउने रणनीतिअनुसार बाढी तथा पहिरोको उच्च जोखिममा रहेका क्षेत्रमा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने, सुरक्षित निर्माणलाई प्रोत्साहन गर्ने र जोखिमयुक्त क्षेत्रमा अनियन्त्रित बस्ती विस्तार रोक्ने योजना अघि सारेको जिल्ला समन्वय समिति प्रमुख दीपककुमार गौतमले बताउनुभयो ।

उहाँका अनुसार सुरक्षित निर्माण मापदण्ड तथा भू-उपयोग नीतिको कार्यान्वयनमा जोड दिइनेछ । विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि आवधिक कार्यतालिका निर्माण गरिएको छ । साउनमा जोखिम पहिचान, असोजमा स्थानीय स्रोत तथा साधनको क्षमता र स्थिति नक्साङ्कन, मङ्सिरमा विपद् परिस्थिति विश्लेषण तथा स्थिति प्रतिवेदन तयार गर्ने र पुसमा जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना परिमार्जन गर्ने कार्यतालिका तय गरिएको छ । माघमा विपद् कोष स्थापना, फागुनमा विपद् पूर्वतयारी तथा कोष परिचालन कार्यविधि र चैतमा जिल्ला विपद् व्यवस्थापन समितिसम्बन्धी कार्य अघि बढाइनेछ ।

हाल स्वयंसेवक, विपद् उद्धार समूह तथा आवश्यक सामग्री तयारी अवस्थामा राखिएको छ । वर्षा हुनासाथ नदी तटीय क्षेत्रका नागरिकलाई सूचना प्रवाह गर्ने तथा सम्भावित जोखिमलाई मध्यनजर गर्दै रातिको समयमा जोखिम हुनसक्ने बिपी राजमार्गमा सवारी आवागमन रोक्नेलगायत कार्य सञ्चालन हुँदै आएको गौतमले बताउनुभयो ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | परिवारका साथ रहेर मिष्टान्न भोजन लिने अवसर मिलने छ । |
| वृष : | प्रेममा रमाउने चाहनेहरुका लागि समय फलदायी रहनेछ । |
| मिथुन : | मायाको डोरो कसिलो भएर जानेछ । |
| कर्कट : | समय मध्यम रहकोले पढाइ लेखाइमा भनेजस्तो प्रगति गर्न सकिने छैन । |
| सिंह : | आज कम बोल्नु उचित हुनेछ । |
| कन्या : | परिवारसंग रमाइलो घुमघामको तय हुनेछ । शुभ खबर सुन्न पाइने छ । |
| तुला : | श्रमको मुल्य अर्काले खाने जोखिम छ । यात्रा गर्दा सचेत हुनुपर्नेछ । |
| वृश्चिक : | बौद्धिक व्यक्तिसंगको अन्तरक्रियाले मन प्रशन्न हुनेछ । |
| धनु : | आज गुम्न लागेको धन हात लाग्ने छ । स्वास्थ्यमा सुधार हुनेछ । |
| मकर : | निजी शिक्षामा गरेको लगानीबाट फाइदा हुनेछ । |
| कुम्भ: | धार्मिक कार्यमा सहभागी भएमा दिन सहज बन्ने छ । |
| मीन: | परीक्षा लेखेको भए नतिजा राम्रो प्राप्त हुनेछ । दिन राम्रो छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# जनताको चाहना अनुसार सरकारले काम गर्न सकेन : नेपाल

**टुडे समाचारदाता**

वीरगञ्ज । राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन शाह नेतृत्वको वर्तमान सरकारप्रति जनताको ठूलो अपेक्षा भए पनि सरकारले जनताको चाहनाअनुसार काम गर्न नसकेको पूर्वप्रधानमन्त्री एवं नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सह-संयोजक माधवकुमार नेपालले आरोप लगाएका छन् ।



शनिबार वीरगञ्जमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै नेता नेपालले भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका क्रममा सरकारले बेपत्ताको खोजी तथा उद्धारमा ढिलाइ गरेका कारण थप जनधनको क्षति भएको दाबी गरे ।

'देश अहिले विपत्तिमा छ । हिमाली सुनामीका कारण ठूलो जनधनको क्षति भएको छ,' नेपालले भने, 'खोजी कार्यमा सरकारले पर्याप्त ध्यान दिन सकेको छैन । समयमै भारत र चीन सरकारको सहयोग लिन सक्नुपर्थ्यो । त्यसैले भोटेकोशी बाढीका क्रममा सरकार धेरै ठाउँमा चुकेको छ ।'

नेपालले संविधानको रक्षा, संघीयता र समावेशिता जोगाउन परिवर्तनकारी शक्तिहरूबीच कार्यगत एकता आवश्यक रहेको बताए । लोकतन्त्र, संघीयता र समावेशितालगायत संवैधानिक अधिकार कटौती हुने खतरा बढ्दै गएको भन्दै उनले त्यसको रक्षाका लागि परिवर्तनकारी शक्तिहरू एकजुट हुनुपर्ने धारणा उनले राखे ।

'संविधान सामान्य परिवर्तनबाट आएको होइन, अहिले हामीलाई संविधान जोगाउने चिन्ता छ,' उनले भने, 'मुख्य कुरा संघीयता र समावेशिता जोगाउने चिन्ता हो। जनताले सुशासनको महसुस गर्न पाइरहेका छैनन्। त्यसैले परिवर्तनकारी शक्ति एकजुट भएर अगाडि बढ्नुको विकल्प छैन ।'

पूर्वप्रधानमन्त्री नेपालले नेकपा (एमाले)सँग तत्काल पार्टी एकता सम्भव नरहेको स्पष्ट पारे। यद्यपि मुलुकको समृद्धि र विकासका लागि सबै कम्युनिष्ट पार्टीबीच कार्यगत एकता आवश्यक रहेको उनले बताए । उनले गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा भएका घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने मागसमेत गरे ।

समाजवादी प्रेस संगठन नेपाल पर्साका अध्यक्ष शम्भुकुमार सुमनको अध्यक्षतामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा मधेस प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिश पटेल, नेकपा पर्साका सह-इन्चार्ज मनोज चौधरी, जिल्ला संयोजक जयप्रकाश थारु, गंगा खड्का, बाबुराम कौशिक, केन्द्रीय सदस्य किशोरी कुशवाहालगायतको उपस्थिति थियो ।

## १२ वर्षपछि जिउँदै भेटिइन् 'मृत' महिला

# हत्या आरोपमा जेल परेका पति-ससुरासहित ८ जनामाथि उठ्यो गम्भीर प्रश्न

**टुडे समाचारदाता**


रौतहट । मधेश प्रदेशसंग जोडिएको बिहारको रोहतास जिल्लामा १२ वर्ष पुरानो हत्याको घटनाले प्रहरी अनुसन्धान र शव पहिचान प्रक्रियामाथि गम्भीर प्रश्न खडा गरेको छ ।

हत्या भएको भन्दै पति, ससुरालगायत परिवारका आठ जनाविरुद्ध मुद्दा दर्ता भई केही व्यक्ति जेलसमेत पुगेकी भनिएकी महिला १२ वर्षपछि झारखण्डमा जीवितै भेटिएपछि घटनाले नयाँ मोड लिएको हो ।

घटना सन् २०१४ को हो । रोहतासको डेहरी क्षेत्रस्थित मुफस्सिल थाना क्षेत्रको बालरति बिगहा-दहाउरकी सरस्वती देवी अचानक घरबाट बेपत्ता भएकी थिइन् ।

केही दिनसम्म उनको खोजी भइरहेका बेला २२ अगस्ट २०१४ मा मुफस्सिल थाना क्षेत्रकै खण्डा गाउँनजिकै नहरमा एक महिलाको शव फेला परेको थियो । शव फेला परेपछि प्रहरीले घटनास्थलमा पुगेर शव पोस्टमार्टमका लागि पठाएको थियो ।

सरस्वती देवीका भाइले नहरबाट बरामद शव आफ्नी बहिनीको भएको भन्दै पहिचान गरेपछि घटनाले हत्याको रूप




लिएको थियो । त्यसपछि सरस्वतीको हत्या गरेको आरोपमा उनका पति अरुण मेहता, ससुरा दिलीप मेहता, जेठ गोविन्द कुमारसहित परिवारका आठ जनाविरुद्ध हत्या मुद्दा दर्ता भयो ।

प्रहरीले अनुसन्धान अघि बढाउँदै पति, ससुरा र जेठसहितका व्यक्तिलाई पक्राउ गरी जेल पठायो । परिवारका सदस्यहरूले लामो समयसम्म हत्या मुद्दाको आरोप खेप्नुपर्‍यो भने केहीले वर्षौं जेलसमेत बिताए ।

तर, १२ वर्षपछि घटनाको कथा नै उल्टियो । हालै प्रहरीलाई सरस्वती देवी जीवितै रहेको र झारखण्डमा बस्दै आएको सूचना प्राप्त भयो । सूचनाका आधारमा डेहरी मुफस्सिल थाना प्रहरीले अनुसन्धान अघि बढाउँदै झारखण्डको गढवा जिल्लासम्म पुग्यो ।

प्रहरीको अनुसन्धान गढवा जिल्लाको कांडी थाना क्षेत्रअन्तर्गत लभारी गाउँमा पुगेपछि त्यहाँ एक महिलालाई फेला पारियो । प्रहरीका अनुसार उनी १२ वर्षअघि मृत घोषित गरिएकी सरस्वती देवी नै हुन् ।

प्रहरीका अनुसार ती महिला त्यहाँ आफ्नो नाम परिवर्तन गरी 'कान्ति देवी'को नामबाट बस्दै आएकी थिइन् । उनी लभारी गाउँमा रुद्ध सिंह नामका व्यक्तिसँग बसिरहेको अवस्थामा प्रहरीले फेला पारेको छ । प्रहरीले महिलालाई बिहार ल्याएर सासाराम अदालतमा पेश गरेको छ ।

### शव कसको थियो शव ?

सरस्वती देवी जीवितै भेटिएपछि १२ वर्षअघिको घटनामाथि गम्भीर प्रश्न उठेको छ । यदि झारखण्डबाट बरामद भएकी महिला वास्तवमै सरस्वती देवी हुन् भने सन् २०१४ मा नहरबाट बरामद भएको शव कसको थियो भन्ने प्रश्न सबैभन्दा महत्वपूर्ण बनेको छ ।

त्यतिबेला शवको पहिचान सरस्वती देवीकै रूपमा कसरी भयो ? पहिचान गर्ने क्रममा प्रहरीले कुन प्रक्रिया अपनाएको थियो ? पोस्टमार्टमपछि शवको पहिचान पुष्टि गर्न अन्य प्रमाण वा वैज्ञानिक परीक्षण गरिएको थियो कि थिएन ?


यी प्रश्नको जवाफ अबको अनुसन्धानले खोज्नुपर्ने देखिएको छ । यता सरस्वती देवी जीवित भेटिएपछि उनका ससुराल पक्षका सदस्यहरूले घटनाको पुनः गहिरो अनुसन्धान हुनुपर्ने माग गरेका छन् । १२ वर्षसम्म एउटा परिवारले भोगेको जेल, अदालत र सामाजिक आरोपको जिम्मेवारी कसले लिने भन्ने प्रश्न पनि यो घटनासँगै उठेको छ ।

यदि झारखण्डबाट बरामद महिला नै सरस्वती देवी भएको पुष्टि भयो भने नहरबाट बरामद शव अर्कै महिलाको भएको स्पष्ट हुनेछ । त्यस अवस्थामा शवको पहिचान सरस्वती देवीका रूपमा कसरी भयो र अनुसन्धानमा कहाँ चुक भयो भन्ने विषयसमेत थप अनुसन्धानको विषय बन्नेछ ।

# पूर्वाधार आयोजना सम्बन्धी मुद्दा ९० दिनभित्र टुंग्याउनुपर्ने कानून ल्याइदै

**टुडे समाचारदाता**

काठमाण्डू । नेपाल सरकारले पुर्वाधार आयोजनासँग सम्बन्धित मुद्दा ९० दिनभित्र टुंग्याउनुपर्ने गरी कानुन बनाउन लागेका छन् ।



कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका अनुसार पूर्वाधार निर्माणका लागि गरिने ठेक्का, जग्गा प्राप्ति, मुआब्जा निर्धारण जस्ता विषयमा अदालतमा मुद्दा पर्ने र माथिल्लो तहसम्म पुगी अन्तिम किनारा लाग्न लामो समय लाग्ने गरेको छ ।

मन्त्रालयले यसमा सुधार गर्ने गरी पूर्वाधार निर्माणसँग सम्बन्धित मुद्दा हेर्न न्यायाधीकरण गठन गर्ने गरी ऐन बनाउन लागेको हो । मन्त्रालयले 'पूर्वाधार न्यायाधिकरण गठन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'को मस्यौदा तयार पारेर सर्वसाधारणको रायको लागि प्रकाशन गरेको छ ।

जसको दफा १० मा मुद्दा दायर भएको मितिले ९० दिनभित्र त्यस्तो मुद्दाको किनारा गरिसक्नुपर्ने व्यवस्था छ । यहाँनेर 'किनारा गरिसक्नुपर्ने' भनेर बाध्यात्मक प्रावधानको रुपमा राखिएको छ ।

दफा १२ अनुसार न्यायाधिकरणको निर्णयमा चित्त नबुझे ३० दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ। त्यस्तो पुनरावेदन पनि ९० दिनभित्र टुंग्याउनुपर्ने व्यवस्था प्रस्तावित छ ।

मन्त्रालयका अनुसार प्रस्तावित व्यवस्था ऐनमा रुपान्तरित भएर कार्यान्वयनमा आएपछि ठेक्का, जग्गा प्राप्ति, मुआब्जा निर्धारण जस्ता विषयमा अदालतमा मुद्दा पर्ने र माथिल्लो तहसम्म पुगी अन्तिम किनारा लाग्न लामो समय लाग्दा हुने अवरोध हट्नेछ । पूर्वाधार आयोजनासँग सम्बन्धित मुद्दा हेर्न छुट्टै निकाय गठन गर्नुपर्नाको कारणबारे विधेयकमै पनि यी विषय उल्लेख गरिएको छ ।

विधेयकमा लेखिएको छ, 'त्यस्ता रिट निवेदन किनारा लाग्न लामो समय लाग्ने गरेकोबाट देश भरी सयौं आयोजनाहरू वर्षौंसम्म मुद्दामै अल्झिएर अलपत्र अवस्थामा रहनुपरेकाले सोको समाधानका लागि विशेष अधिकार क्षेत्र तोकी विज्ञहरूको संलग्नतामा शीघ्र रूपमा मुद्दा किनारा लगाउने गरी पूर्वाधार न्यायाधिकरण गठन गर्नुपरेको' हो ।

विधेयकको परिभाषा खण्डमा पूर्वाधार निर्माणको परिभाषा छ। जसअनुसार पूर्वाधार निर्माण भन्नाले सडक, जलबिद्युत तथा विद्युत प्रसारण लाइन, विमानस्थल, सूचना प्रविधि, शहरी बिकास, खानेपानी जस्ता भौतिक संरचनाको निर्माण, मर्मत तथा सम्भारलाई सम्झनुपर्छ ।

अर्थात्, यी विषयसँग सम्बन्धित आयोजनाबारे मुद्दा परे प्रस्तावित विधेयक अनुसार पूर्वाधार पूर्वाधार न्यायाधिकरणले हेर्नेछ। र ठेक्का, जग्गा प्राप्ति, मुआब्जा लगायतका विषयमा मुद्दा परे मुद्दा परेको ९० दिनभित्र टुंग्याउनुपर्ने प्रस्ताव गरिएको हो ।

प्रस्तावित विधेयकको दफा ३ मा न्यायाधिकरणको स्थापना र गठनसम्बन्धी व्यवस्था छ । विधेयक संघीय संसद् बाट पारित भएर राष्ट्रपतिकहाँ पुग्छ। राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनमा बदलिएर कार्यान्वयनमा आउँछ। ऐन बनेर कार्यान्वयनमा आएसँगै नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एक पूर्वाधार न्यायाधिकरणको स्थापना गर्नेछ ।

न्याय परिषद्को परामर्शमा उच्च अदालतको न्यायाधीशहरू मध्येबाट नेपाल सरकार मन्त्रिपरिषदले तोकेको एक जना न्यायाधीश अध्यक्ष हुन्छन् ।

अर्थशास्त्र, व्यवस्थापन, वाणिज्य कानून वा वित्त विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र सार्वजनिक खरिदको क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको कार्य अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकार, मन्त्रिपरिषद्ले नियुक्त गरेको एकजना विज्ञ सदस्य हुन्छन् ।

इन्जिनियरिङ विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र आयोजना व्यवस्थापनको क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव हासिल गरेका व्यक्तिहरू मध्येबाट नेपाल सरकार, मन्त्रिपरिषद्ले नियुक्त गरेको एकजना विज्ञ सदस्य बन्छन् ।

प्रस्तावित विधेयकअनुसार न्यायाधीकरणको मुकाम काठमाडौं उपत्यकामा रहनेछ र प्रादेशिक क्षेत्राधिकार नेपालभर हुनेछ । नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको स्थानमा मुकाम र प्रादेशिक क्षेत्राधिकार रहने गरी थप न्यायाधिकरण गठन गर्न पनि सक्ने व्यवस्था प्रस्तावित छ ।

विधेयकअनुसार यसरी गठन हुने न्यायाधिकरणले सार्वजनिक खरिद तथा पूर्वाधार निर्माणसम्बन्धी संयुक्त उपक्रम ज्वाइन्ट भेन्चरका साझेदारबीचको विवाद, बोलपत्रको कार्यसम्पादन जमानत तथा अग्रिम भुक्तानी जमानतसम्बन्धी विवादसमेत हेर्नेछ ।

सार्वजनिक पूर्वाधार निर्माणका ठेक्का, सार्वजनिक-निजी साझेदारी (पीपीपी) आयोजना, निर्माण व्यवसायी तथा परामर्शदातासँग सम्बन्धित जनशक्ति, आपूर्तिकर्ता, स्थानीय प्रभावित व्यक्ति, संस्था वा समुदायबीचका विवाद न्यायाधिकरणको क्षेत्राधिकारमा राखिएको छ ।

निर्माण सामग्री उत्खनन गर्ने विधि र स्थल, आयोजना सम्पन्न भएपछि मर्मत-सम्भार तथा सञ्चालनमा निर्माण व्यवसायीको दायित्वसम्बन्धी विवादसमेत यही निकायले हेर्नेछ । आयोजनाको सीमा क्षेत्र (राइट अफ वे), जग्गा प्राप्ति तथा भोगाधिकार, ठेक्का तथा सार्वजनिक खरिदमा ठेकेदार छनोट, ठेक्का अन्त्य र निर्माण व्यवसायी वा आपूर्तिकर्तालाई कालोसूचीमा राख्ने विषयसम्बन्धी विवाद पनि न्यायाधिकरणको क्षेत्राधिकारमा राख्ने गरी प्रस्ताव गरिएको छ ।

# स्वास्थ्यकर्मीलाई अन्यत्र काज नखटाउन निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले अस्थायी दरबन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई तत्काल अन्यत्र काजमा नखटाउन स्वास्थ्य निकायहरूलाई निर्देशन गरेको छ ।



स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थालाई पत्राचार गर्दै आर्थिक वर्ष २०८३/०८४ का लागि अस्थायी दरबन्दी स्वीकृत नभएसम्म गत आर्थिक वर्षमा अस्थायी दरबन्दीमा कार्यरत जनशक्तिलाई अन्य कार्यालयमा कामकाजमा खटाउने वा हाजिर गराउने कार्य तत्काल नगर्न निर्देशन दिएको हो ।

मन्त्रालयका अधिकृत सातौं वच्चे लाल साह तेलीले हस्ताक्षर गरेको पत्रमा २०८३ असार मसान्तसम्म अस्थायी दरबन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई अन्यत्र कामकाजमा खटाउन तथा कार्यालयमा हाजिर गराउन रोक लगाइएको उल्लेख छ ।

प्रदेश मन्त्रिपरिषद्को २०८३ साउन २८ गतेको निर्णयअनुसार अस्थायी दरबन्दीसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न लागिएको मन्त्रालयले जनाएको छ । सोही निर्णयका आधारमा सम्बन्धित स्वास्थ्य निकायलाई जानकारी गराउँदै निर्देशन कार्यान्वयन गर्न भनिएको हो ।

निर्देशन प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य तालिम केन्द्र, प्रादेशिक अस्पताल, स्वास्थ्य कार्यालय तथा प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरूमा पठाइएको छ ।

मन्त्रालयले अस्थायी दरबन्दीमा कार्यरत जनशक्तिको कामकाज तथा हाजिरीसम्बन्धी व्यवस्थामा एकरूपता कायम गर्न निर्देशन जारी गरिएको जनाएको छ । मन्त्रालयको निर्देशनअनुसार त्यस्ता चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीलाई तत्काल सम्बन्धित कार्यालयमै हाजिर गराउनुपर्नेछ ।






# विजयादशमीका लागि उपसमितिहरु गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामस्थित श्री राम युवा कमिटीको ७९औं साधारण सभा शनिबार सम्पन्न भएको छ ।

साधारण सभाले आगामी शुभ विजयादशमी २०८३ लाई लक्षित गर्दै विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालनका लागि उपसमितिहरु गठन गरेको हो ।

साधारण सभाले माता बौधी देवी मन्दिर व्यवस्थापनका लागि रवीन्द्र ठाकुर, माता अन्नपूर्णा अमरखाना मन्दिरका लागि दिलीप साह र महाअष्टमी कालरात्रि (ठेहा) व्यवस्थापनका लागि राम प्रताप साहलाई संयोजक तोकेको छ ।

त्यस्तै, भजन सन्ध्या कार्यक्रमको संयोजकमा अजय कुमार साह 'शिक्षा', सुरक्षा समितिमा आनन्द कुमार मण्डल, विज्ञापन समितिमा कोषाध्यक्ष विनय साह तथा दशैंभरि भोजन व्यवस्थापन समितिमा रामकुमार मण्डल र संजय कुमार ठाकुरलाई जिम्मेवारी दिइएको छ ।

महाअष्टमी निःशुल्क भोजन व्यवस्थापनको संयोजकमा राम गोविन्द साह र कालरात्रि खुट्टा तथा खम्बा लाइन व्यवस्थापनको संयोजकमा जोगिन्दर दासलाई जिम्मेवारी दिइएको छ । बेलतोरी, बेलनौती तथा शुभकामना कार्यक्रमको जिम्मेवारी भने कार्यसमितिलाई दिइएको छ ।

यसैगरी, टेन्ट, लाइट तथा साउन्डको अनुगमनका लागि राम कुमार मण्डललाई संयोजक तोकिएको छ । छठ पर्वको पूजा समितिको संयोजकको जिम्मेवारी पनि राम कुमार मण्डललाई दिइएको छ ।

# थुनुवा छुटाई दिने भनी ठगी गर्ने पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहट प्रहरीले प्रहरीको नाम र पहुँच प्रयोग गरी थुनुवालाई छुटाइदिने भन्दै एक लाख रुपैयाँ लिएको आरोपमा वडाध्यक्ष पदका एक प्रत्याशीलाई पक्राउ गरेका छन् ।




गरुडा नगरपालिका-९ श्रीपुरका वडाध्यक्ष पदका प्रत्याशी शेख हुसैनलाई ठगीसम्बन्धी आरोपमा प्रहरीले पक्राउ गरी अनुसन्धान अघि बढाएको हो । श्रीपुरमा भएको झगडाका क्रममा प्रहरीमाथि दुर्व्यवहार गरेको आरोपमा रामजन मियाँ पक्राउ परेका थिए ।

त्यसपछि हुसैनले मियाँकी श्रीमतीलाई प्रहरीसँग कुरा गरेर मुद्दा मिलाइदिने तथा श्रीमानलाई छुटाइदिने आश्वासन दिएको आरोप छ । सोही आश्वासनमा उनले एक लाख रुपैयाँ लिएको बताइएको छ। तर, रकम बुझाएपछि पनि मियाँ रिहा नभएपछि उनकी श्रीमतीले आफू ठगीमा परेको भन्दै इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दिएकी थिइन् ।

जाहेरीका आधारमा हुसैनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख प्रहरी नायब उपरीक्षक शंकरप्रसाद आचार्यका अनुसार प्रहरीको नाममा रकम असुली गरेको आरोप गम्भीर भएकाले हुसैनलाई पक्राउ गरी जिल्ला अदालत गौरबाट म्याद लिएर थप अनुसन्धान भइरहेको छ ।

यसै घटनामा गरुडा नगरपालिका-९ का वर्तमान वडाध्यक्ष राजेश सहनीविरुद्ध पनि थुनुवा छुटाइदिने भन्दै रकम असुली गरेको आरोपमा जाहेरी परेको छ। सहनीमाथि लागेको आरोपबारे समेत प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ ।

तर, सहनीले भने रामजनलाई छुटाउन आफूले कसैसँग रकम नलिएको भन्दै आरोप अस्वीकार गरेका छन् । घटनामा अन्य व्यक्तिको संलग्नता भए/नभएको विषयमा समेत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अलमलमा गुठी

गुठी संस्थानले जनकपुरधाममा अतिक्रमित जग्गा खाली गराउन चालेको बृहत्त अभियान अस्पष्ट छ। गुठी संस्थानलाई कुन जग्गा लिजमा, कुन जग्गा बिटौरी, कुन जग्गा पुजा कलम, कुन जग्गा छुट, कुन जग्गा अतिक्रमित, कुन जग्गाको लालपुर्जा भने नै ज्ञात छैन। गुठी संस्थानले हावादारी भरमा अतिक्रमित जग्गा खाली गराउने अभियान चलाएको छ। गुठी संस्थानले जनकपुरधामको प्रमुख पाँच सरोवरहरुलाई अतिक्रमण मुक्त गराएर अगाडि बढ्नु पर्ने थियो। तर हावादारी ढंगले जग्गा छुट्याउने, अतिक्रमण भएको पत्र काट्ने, जग्गाको प्रमाणहरु माग्ने लगायतको काम गुठीले गर्न थालेको छ। गुठी संस्थानले जनकपुरधामको जनक सरोवरको पत्ता लगाएर अतिक्रमण मुक्त गराउन आवश्यक छ। राजा जनकको राज्यमा उनकै नामको सरोवर लुप्त भइसकेको छ। त्यसलाई पुनः अस्तित्वमा ल्याउन गुठीले कुनै पहल गरेको छैन। हुन त जनकपुरधाममा निजी जमिन नै कसैको थिएन। सबै जमिन मठमन्दिरहरुको नै थियो। पछि सहर बस्ने क्रममा जमिन व्यक्तिलाई उपलब्ध गराइएको देखिन्छ। गुठी संस्थानले मठ मन्दिरहरुको संरक्षण गर्न सकेको छैन। कयौं मठमन्दिरहरु मासिएका छन्। मठमन्दिर र गुठीको अधिकांश जग्गा सरकारी उपयोगमा छ। मठमन्दिरका पुजारीहरुले बिभिन्न समयमा धेरै मानिसहरुलाई मनखप, बिटौरी, पुजाकलम, लिज लगायतको बन्दोबस्त गरेका छन्। धेरैले लालपुर्जा पनि पाइसकेका छन्। त्यस्ता जग्गाको भूमिकर वार्षिक रुपमा गुठी संस्थानले लिने गरेको छ। गुठी संस्थानको सहमति बेगर बहुत कम जग्गा अतिक्रमण भएको देखिन्छ। अधिकांश जग्गा व्यक्तिले भोग गर्ने क्रममा गुठीका तत्कालीन हाकिमहरुको विभिन्न प्रकरणबाट सहमति प्राप्त गरेका छन्। गुठी संस्थानले हाल चलाएको अभियानबाट विनास बाहेक केही हुँदैन। अतिक्रमण हटाउनु राम्रो हो। तर त्यसको संरक्षण त्यो भन्दा पनि आवश्यक छ। गुठी संस्थानले लुप्त भइसकेको पाँच वटा सरोवरलाई पहिलो चरणमा अस्तित्वमा ल्याउनु पर्ने थियो। तर त्यसको चर्चा समेत गुठीले गर्दैन। अतिक्रमण मुक्त गराउने सुचीमा त्यसलाई गुठीले राखेको पनि छैन। गुठी संस्थानले अतिक्रमण हटाउने अभियान चलाउनु अगावै सबैको तथ्यांक यकिन गर्नु आवश्यक थियो। कुन प्रकृतिको जग्गालाई गुठीले खाली गराउने ,त्यो जग्गा कुन स्थानमा छ ,त्यो सबै यकिन गर्न आवश्यक छ। गुठीको जग्गा उपभोग गरिरहेका अथवा गुठीको जग्गा उपभोग नगरेकाहरुलाई समेत गुठीले पत्र काटेर भोग चलनको प्रमाण पेश गर्न भनेको छ। त्यो गुठी संस्थानको रेकर्डमा नै हुनुपर्छ। गुठीले सबै पोखरी वरिपरि, मठमन्दिर वरिपरि लगायतको जग्गाको विषयमा पत्र काटेर जानकारी माग्न लामो समय लाग्न सक्छ। सात दिनका पत्र काटेर मात्र सबै जानकारी आउने सम्भावना कम छ। गुठीको क्रियाकलाप हेरेर जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहले अभियानमा आफ्नो सहयोग नरहेको प्रष्ट गरिसकेका छन्। पहिले गुठी आफै प्रष्ट हुनु पर्छ।

# अर्थतन्त्रलाई रेमिट्यान्सले धानेको छ : अब पैसा मात्र होइन, उत्पादन वारे सोचौं



प्रमोदकुमार घिमिरे

विदेशमा नेपालीको पसिना बग्छ, पैसा नेपाल आउँछ; तर त्यही पैसाले नेपालमा रोजगारी र उत्पादन किन जन्माउँदैन ? यही प्रश्न आज नेपालको अर्थतन्त्रको केन्द्रमा राख्नुपर्ने बेला आएको छ। विदेशी मुद्रा सञ्चिति बलियो छ, रेमिट्यान्स निरन्तर बढिरहेको छ, भुक्तानी सन्तुलन सहज छ र बैंकिङ प्रणालीमा पर्याप्त तरलता देखिन्छ। तर अर्थतन्त्रको अर्को तस्बिर त्यति उत्साहजनक छैन; निजी लगानी सुस्त छ, उद्योगहरू अपेक्षित क्षमतामा चल्न सकेका छैनन्, स्वदेशी रोजगारी पर्याप्त छैन र युवाको विदेशिने क्रम रोकिएको छैन।

अर्थतन्त्रमा पैसा त आइरहेको छ, तर उत्पादन, रोजगारी र उद्यम किन बढिरहेका छैनन् ? यो केवल आर्थिक तथ्याङ्कबीचको विरोधाभास होइन; रेमिट्यान्समा टिकेको नेपालको विकास मोडलले अब खोजिरहेको नयाँ दिशाको प्रश्न हो। अब बहस रेमिट्यान्स कति बढ्यो भन्नेमा होइन, रेमिट्यान्सबाट कति उत्पादन, कति उद्यम र कति रोजगारी सिर्जना भयो भन्नेमा केन्द्रित हुनुपर्छ।

नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/८३ को एघार महिनामा नेपालमा रु.२१ खर्ब २१ अर्ब बराबरको विप्रेषण भित्रिएको छ। सोही अवधिमा शोधनान्तर स्थिति रु.९ खर्ब २६ अर्ब बचतमा छ। आर्थिक वर्ष २०८१/८२ मा रेमिट्यान्स कुल गार्हस्थ्य उत्पादनको करिब २८ प्रतिशत बराबर थियो। यी तथ्याङ्कले नेपालको बाह्य क्षेत्रलाई रेमिट्यान्सले दिएको बल स्पष्ट देखाउँछन्। तर अर्को प्रश्न उत्तिकै महत्वपूर्ण छ; यति ठूलो रकम भित्रिँदा नेपालको उत्पादन, उत्पादकत्व र रोजगारी किन त्यही अनुपातमा बढेन ? अब यही प्रश्नबाट नेपालको आर्थिक बहस सुरु हुनुपर्छ।

**(क) रेमिट्यान्स समस्या होइन, प्रयोगको संरचना समस्या हो**

रेमिट्यान्सलाई नेपालको आर्थिक समस्याका रूपमा चित्रण गर्नु अन्यायपूर्ण हुन्छ। विदेशमा श्रम गर्ने नेपालीले पठाएको रकमले लाखौं परिवारको जीवनस्तर उकासेको छ। शिक्षा, स्वास्थ्य, आवास, खाद्य सुरक्षा र दैनिक उपभोगमा यसको ठूलो योगदान छ। विश्व बैंकका विश्लेषणहरूले पनि रेमिट्यान्सले नेपालमा गरिबी घटाउन र घरपरिवारको आर्थिक जोखिम कम गर्न महत्वपूर्ण भूमिका खेलेको देखाएका छन्। समस्या रेमिट्यान्स आउनु होइन; रेमिट्यान्सको ठूलो हिस्सा उत्पादनशील पूँजीमा रूपान्तरण हुन नसक्नु हो।

विदेशबाट आएको पैसा प्रायः घरखर्च, शिक्षा, स्वास्थ्य, घर निर्माण, जग्गा खरिद, ऋण भुक्तानी र आयातित वस्तुको उपभोगमा जान्छ। यो परिवारका लागि आवश्यक हुन सक्छ, तर राष्ट्रिय अर्थतन्त्रका लागि यसको गुणात्मक प्रभाव सीमित हुन्छ। जब आयातित वस्तुको उपभोग बढ्छ तर स्वदेशी उत्पादन बढ्दैन, रेमिट्यान्सले अर्थतन्त्रलाई चलायमान त बनाउँछ, तर उत्पादनको आधार बलियो बनाउँदैन। यसरी रेमिट्यान्सले एउटा चक्र निर्माण गरेको छ; रोजगारीका लागि युवा विदेश जान्छन्, पैसा नेपाल आउँछ, उपभोग र आयात बढ्छ, स्वदेशी उत्पादन कमजोर रहन्छ, पर्याप्त रोजगारी सिर्जना हुँदैन र अर्को पुस्ता पनि विदेश जान बाध्य हुन्छ। यो चक्र अब तोड्नैपर्छ।

**(ख) विदेशी मुद्रा बढ्यो, आर्थिक आत्मनिर्भरता बढेन**

नेपालको बाह्य क्षेत्र अहिले सहज अवस्थामा देखिन्छ। विदेशी मुद्रा सञ्चिति उच्च छ, आयात धान्ने क्षमता बलियो छ र शोधनान्तर स्थिति बचतमा छ। तर विदेशी मुद्रा सञ्चिति बढ्नु र आर्थिक आत्मनिर्भरता बढ्नु एउटै कुरा होइन। विदेशी मुद्रा बढेको छ किनभने नेपाली श्रम विदेशमा निर्यात भइरहेको छ। तर त्यसको तुलनामा नेपालबाट वस्तु तथा सेवाको निर्यात क्षमता अपेक्षित रूपमा विस्तार हुन सकेको छैन। यसले नेपालको अर्थतन्त्र अझै पनि उत्पादनभन्दा उपभोग र श्रम निर्यातमा बढी निर्भर रहेको देखाउँछ।

विश्व बैंकले नेपालको आर्थिक वृद्धिमा निजी क्षेत्रको लगानी, रोजगारी सिर्जना र उत्पादकत्व विस्तारलाई प्रमुख चुनौतीका रूपमा औंल्याउँदै आएको छ। पछिल्ला विश्लेषणहरूमा पनि निजी लगानी कमजोर हुनु र संरचनात्मक सुधारको गति सुस्त हुनु नेपालको आर्थिक रूपान्तरणका प्रमुख अवरोधका रूपमा देखाइएको छ। त्यसैले अहिलेको नीति प्रश्न "रेमिट्यान्स कसरी बढाउने ?" मात्र हुनु हुँदैन। अब प्रश्न हुनुपर्छ; "रेमिट्यान्सबाट आएको रकमलाई उत्पादनशील पूँजी कसरी बनाउने ?"

**(ग) बैंकमा पैसा छ, तर उद्यममा किन छैन ?**


नेपालको वित्तीय प्रणालीमा अहिले देखिएको अर्को विरोधाभास पनि यही हो। बैंक तथा वित्तीय संस्थामा स्रोत उपलब्ध छ, ब्याजदर विगतको तुलनामा घटेको छ र तरलता व्यवस्थापन तुलनात्मक रूपमा सहज छ। तर निजी क्षेत्रमा लगानीको उत्साह अपेक्षित रूपमा बढ्न सकेको छैन। यसको अर्थ समस्या पैसा मात्र होइन। व्यवसायीले बजारको माग, नीतिगत स्थिरता, कर प्रणाली, पूर्वाधार, प्रशासनिक प्रक्रिया, परियोजनाको लागत, लगानीको प्रतिफल र राजनीतिक तथा नियामकीय अनिश्चिततालाई पनि हेर्छ। व्यवसाय सञ्चालन गर्न सहज वातावरण नभएसम्म सस्तो पैसा मात्रले लगानी बढाउँदैन।

त्यसैले रेमिट्यान्सलाई उत्पादनमा लैजानुअघि सरकारले लगानीयोग्य वातावरण निर्माण गर्नुपर्छ। एउटा नागरिकले विदेशबाट कमाएको पैसा नेपालमा व्यवसायमा लगानी गर्दा उसले सरकारी कार्यालय, कर प्रणाली, अनुमति, जग्गा, विद्युत्, बैंकिङ प्रक्रिया र बजारका कारण अनावश्यक जोखिम महसुस गर्छ भने उसले सुरक्षित विकल्प; घरजग्गा, बचत वा उपभोग भनेको रोज्नु अस्वाभाविक होइन।

**(घ) अब 'रेमिट्यान्स-टु-इन्टरप्राइज' मोडल चाहिन्छ**

रेमिट्यान्सलाई उत्पादनमा रूपान्तरण गर्न अब सामान्य बचत तथा कर्जा नीतिभन्दा फरक रेमिट्यान्स-टु-इन्टरप्राइज मोडल आवश्यक छ। विदेशबाट फर्किएका युवासँग पैसा मात्र हुँदैन; उनीहरूसँग सीप, प्रविधिको अनुभव, अन्तर्राष्ट्रिय कार्यसंस्कृति र बजारको ज्ञान पनि हुन्छ। यही पूँजीलाई नेपालमा उद्यमसँग जोड्न सकिन्छ।

सरकारले फर्किएका श्रमिकका लागि उद्यमशीलता कोष, परियोजना-आधारित सहुलियत कर्जा, बीमा, प्राविधिक परामर्श र बजार पहुँचको एकीकृत व्यवस्था गर्नुपर्छ। बैंक तथा वित्तीय संस्थाले पनि रेमिट्यान्स प्राप्त गर्ने ग्राहकलाई केवल उपभोग कर्जा दिने होइन, व्यवसायिक सम्भाव्यता, नगद प्रवाह र परियोजनाको प्रतिफलका आधारमा उद्यम कर्जा उपलब्ध गराउनुपर्छ। यहाँ लघुवित्त र सहकारी क्षेत्रको भूमिकासमेत महत्वपूर्ण हुन्छ। ग्रामीण क्षेत्रमा छरिएको सानो-सानो रेमिट्यान्स बचतलाई कृषि, पशुपालन, साना उद्योग, खाद्य प्रशोधन, पर्यटन तथा स्थानीय मूल्य शृंखलासँग जोड्न सकियो भने त्यसले स्थानीय अर्थतन्त्रमा रोजगारी र आय सिर्जना गर्न सक्छ। तर यसका लागि कर्जा मात्र पर्याप्त हुँदैन। वित्त, सीप, प्रविधि, र बजारलाई एउटै प्याकेजमा जोड्नुपर्छ।



**(ङ) उपभोगलाई दोष दिएर समाधान हुँदैन**

रेमिट्यान्स आएको पैसा घर बनाउन वा छोराछोरी पढाउन खर्च गर्ने परिवारलाई दोष दिन मिल्दैन। विदेशमा कठिन श्रम गरेर कमाएको पैसा परिवारको जीवनस्तर सुधारमा खर्च गर्नु स्वाभाविक हो। समस्या उपभोग होइन; उपभोग र उत्पादनबीच सन्तुलन नहुनु हो।

सरकारले नागरिकलाई "पैसा लगानी गर" भन्नुअघि "लगानी गरेपछि प्रतिफल पाउने वातावरण" निर्माण गर्नुपर्छ। लगानीकर्तालाई नीतिगत स्थिरता, सरल कर प्रणाली, भरपर्दो पूर्वाधार, बजार पहुँच र छिटो सेवा उपलब्ध गराउन नसक्ने राज्यले रेमिट्यान्सलाई उत्पादनमा लगाउन नागरिकलाई मात्र आग्रह गर्नु पर्याप्त हुँदैन। यसैले आर्थिक सुधारको केन्द्रमा अब व्यवसाय गर्न सजिलो हुने वातावरण हुनुपर्छ।

**(च) युवालाई रोक्ने होइन, अवसर सिर्जना गर्ने**

अहिले कतिपय युवाहरुमा बिदेशिनुलाई नै सफलताको प्रमूख आधार मान्ने प्रवृति हावी भएको देखिन्छ। नेपालमा युवा विदेश जानु आफैंमा समस्या होइन। समस्या यो हो कि उनीहरू स्वदेशमा आफ्नो श्रम र सीपको उचित मूल्य नपाएर विदेश जान बाध्य छन्। हरेक वर्ष हजारौं युवा श्रम बजारमा प्रवेश गर्छन्। उनीहरूका लागि पर्याप्त रोजगारी सिर्जना गर्न नसक्ने अर्थतन्त्र दीर्घकालमा रेमिट्यान्समा निर्भर भइरहन बाध्य हुन्छ।

कृषिको आधुनिकीकरण, जलविद्युत्, पर्यटन, सूचना प्रविधि, डिजिटल सेवा, स्वास्थ्य, शिक्षा, निर्माण, खाद्य प्रशोधन र निर्यातमुखी उद्योग नेपालका रोजगारी र उत्पादन विस्तारका महत्वपूर्ण क्षेत्र हुन्। विश्व बैंकले पनि निजी क्षेत्रको नेतृत्वमा रोजगारी र आर्थिक वृद्धि बढाउन पर्यटन, सूचना प्रविधि, र कृषि व्यवसायजस्ता क्षेत्रमा लगानी विस्तारको आवश्यकता औंल्याएको छ। युवालाई विदेश जानबाट रोक्ने नीति होइन, विदेशमा खोजेको अवसर स्वदेशमै सिर्जना गर्ने नीति आजको आवश्यकता हो।

**(छ) अब रेमिट्यान्सको दोस्रो पुस्ताको नीति चाहिन्छ**

नेपालले रेमिट्यान्सलाई तुरुन्तै प्रतिस्थापन गर्न सक्दैन। आगामी केही दशकसम्म यो अर्थतन्त्रको महत्वपूर्ण आधार रहनेछ। तर यसलाई स्थायी निर्भरताको आधार बनाउनु हुँदैन। अब रेमिट्यान्स नीतिको दोस्रो पुस्ता आवश्यक छ; जहाँ लक्ष्य रकम भित्र्याउने मात्र होइन, रकमको आर्थिक गुणस्तर बढाउने हो।

यसका लागि प्रवासी नेपाली लगानी कोष, उत्पादनशील परियोजनाका लागि मिलान कोष, फर्किएका श्रमिकका लागि उद्यम कोष, कृषि तथा साना उद्योगका लागि जोखिम साझेदारी कोष, डिजिटल लगानी प्लेटफर्म र कर प्रोत्साहनजस्ता साधन प्रभावकारी हुन सक्छन्। तर विगतका कार्यक्रमबाट एउटा पाठ सिक्नुपर्छ; कोष र कार्यक्रम घोषणा गरेर मात्र परिणाम आउँदैन। परियोजनाको पारदर्शी छनोट, कडा अनुगमन, प्रतिफलको मापन र जवाफदेहिता अनिवार्य हुन्छ।

**(ज) अब सफलता मापन गर्ने सूचक बदल्नुपर्छ**

नेपालको आर्थिक सफलताको मापन अब "कति रेमिट्यान्स आयो ?" बाट मात्र गर्नु हुँदैन। हामीले सोध्नुपर्ने प्रश्नहरू हुन्; कति नयाँ उद्यम स्थापना भए ? कति रोजगारी सिर्जना भयो ? कति उत्पादन बढ्यो ? कति वस्तु तथा सेवा निर्यात भयो ? रेमिट्यान्स प्राप्त गर्ने परिवारमध्ये कति परिवार उत्पादनशील आयमा जोडिए ? यदि रेमिट्यान्स प्रत्येक वर्ष बढ्दै गयो तर युवा विदेश जाने क्रम पनि बढ्दै गयो भने त्यो दिगो आर्थिक सफलता होइन। यदि विदेशी मुद्रा सञ्चिति बढ्यो तर उत्पादन र निर्यात बढेन भने त्यो बाह्य स्थायित्व हो, आर्थिक रूपान्तरण होइन।

नेपालको आगामी आर्थिक रणनीतिले रेमिट्यान्सलाई उपभोगबाट बचत, बचतबाट लगानी, लगानीबाट उत्पादन, उत्पादनबाट रोजगारी र रोजगारीबाट निर्याततर्फ लैजानुपर्छ। रेमिट्यान्सले नेपालको अर्थतन्त्रलाई संकटबाट जोगाएको छ। अब नेपालको जिम्मेवारी भनेको त्यही रेमिट्यान्सलाई भविष्य निर्माण गर्ने पूँजीमा बदल्नु हो। विदेशमा नेपालीले पसिना बगाएर पठाएको पैसा केवल घरको छानो, उपभोग र आयातमा सीमित भयो भने त्यसले एउटा पुस्ताको जीवन सहज बनाउन सक्छ। तर त्यही पैसा उद्यम, उत्पादन, प्रविधि र रोजगारीमा रूपान्तरण भयो भने त्यसले पुस्तौंको आर्थिक भविष्य बदल्न सक्छ।

# नेपालले पाउनुपर्ने जलवायु न्याय



एकराज पाठक

जलवायु परिवर्तनको गम्भीर प्रभावका कारण नेपाल दोहोरो मारमा परेको दृष्टान्त त विश्वसामु छर्लङ्ग नै छ। एकातर्फ जलवायु परिवर्तनका कारकका रुपमा योगदान नै नरहेकोअर्थात् अति नगण्य रहेको भए पनि हामी बारम्बार जलवायुजन्य सङ्कटमा परिरहेका छौं भने अर्कातर्फ हामी ती सङ्कटसँग जुध्नका लागि पनि आवश्यक स्रोतको अभाव झेलिरहेका छौं। यो वास्तविकताको पछिल्लो उदाहरण नेपालले भोटेकोशीले निम्त्याएको पछिल्लो प्रलय पेस गर्दा पनि हुन्छ। किनभने हिमनदी बढेर होस् या हिमालमा बनेको हिमताल फुटेर आएको बाढीले अहिले रसुवा र नुवाकोटका कैयौं बस्ती बढारेको मात्र नभएर ठूलो जनधनको क्षति गराएको छ। जसको प्रकृति र परिणामबारे विश्व नै जानकार छ। नेपाल यस्ता अकल्पनीय बाढी र त्यसले निम्त्याएका विपत्को चपेटामा पर्न थालेको केही वर्ष भयो, यो पनि सबैलाई थाहै छ।

भोटेकोशीको पछिल्लो वितण्डाले एक हजार ३०० भन्दा बढीको ज्यान गइसकेको छ भने पाँच हजारभन्दा बढी मानिस हराइरहेका छन्। यसलाई पछि जे जस्तो नाम या कारण दिइए पनि अहिले नै सबैको निष्कर्ष जलवायुजन्य विपत् नै हो र यसले अब हिमाली स्रोत भएर बग्ने नदी किनारका बस्तीहरुमा खतराको घण्टी बजाउन थालेको छ। भोलिका दिनमा यो खतरा बढ्दै जाने त्रास अब हाम्रा मन मस्तिष्कमा आउन थालिसकेको छ। यसअघि पनि हामीसँग यस्तो विपत्का कैयौं उदाहरण छन् जसले हाम्रो जनधनमा ठूलो क्षति पुर्याएका छन्। दुई वर्षअघि असोजमा आएको अकल्पनीय वर्षा र बाढी होस् या सोलुखुम्बुको थामे गाउँ बगाएको दुर्घटना। अथवा २०६९ सालमा पोखराको सेतीनदीमा हिँउदको समयमा आएको बाढी नै किन नहोस्। अहिलेसम्मका अनुमान र अनुसन्धानबाट यी सबै जलवायुजन्य जटिलताले निम्त्याएका विपत्ति नै हुन् र जसले आफ्ना मात्रा र स्वरुप निरन्तर बढाउँदै छन्।

भौगोलिक अवस्थिति र विकासको स्तरका कारण पनि नेपाल जलवायुजन्य जोखिममा रहेको छ। हाम्रा उच्च पहाड र हिमालहरुले प्राकृतिक रुपमा जलवायु सन्तुलन कायम गर्दै आएका छन्, अनि हाम्रा नदीहरूको स्रोतमा प्रायः हिमाल नै छ। अहिले आएर तिनै हिमाल एकातिर कालापत्थरमा परिणत हुँदै जाँदा हिमाली बस्ती सङ्कटमा परेको छ भने त्यसका कारण ती हिमाल मुन्तिर बनेका हिमतालले नदी छेउछाउका बस्तीहरुको अस्तित्वमाथि धावा बोल्न थालेका छन्। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सन् २०२३ को अक्टोबरमा नेपालको संसद्लाई सम्बोधन गर्दै नेपालले जलवायु सङ्कट ज्यादै नराम्रोसँग भोगिरहेको बताउनुभएको थियो। उहाँले विश्वले बेलैमा नसोच्ने हो भने नेपाल र यस्तै हिमाली बस्तीहरुको भविष्य दिनप्रतिदिन खतरामा पर्दै जाने बताउनुभएको थियो।

इसिमोडले केही समयअघि सार्वजनिक गरेको एक अध्ययनले अहिलेकै अनुपातमा हिउँ पग्लिँदै जाने हो भने हिन्दकुश हिमालयन क्षेत्रका हिमनदीहरुले यो शताब्दीको अन्त्यसम्ममा अहिलेको भन्दा ८० प्रतिशतसम्म हिउँ गुमाउने देखाएको छ। यसबाट उच्च पहाडी क्षेत्रमा बाढीपहिरो बढ्ने र पूर्वाधारमा क्षति पुग्ने खतरा छँदैछ। यस्तो अवस्था आएमा त्यसको प्रत्यक्ष र सबैभन्दा ठूलो मार नेपालमाथि पर्नेछ। यस क्षेत्रमा हाम्रो अवस्थिति र भौगोलिक बनावट अरु देशको भन्दा फरक छ र हाम्रा बस्तीहरु पनि नदी किनारहरुमा विस्तारित छन्। हाम्रो जलाशयअर्थात् नदी सभ्यताका कारण पनि हाम्रो अवस्थिति जोखिमपूर्ण नै छ। यसकारण पनि हाम्रा बस्ती र अवस्थितिमाथि आगामी दिनमा जलवायु परिवर्तनका जटिलताले धावा बोल्ने निश्चित नै देखिन्छ।

पछिल्ला समयहरु यस्ता आउँदै जानेछन् कि जलवायु परिवर्तनले गर्दा मानवीय जीवनका आधारभूत अधिकारहरू जस्तो कि खाद्य, स्वास्थ्य तथा शिक्षा, आवास, सरसफाइ र पानीको अधिकार प्राप्ति र उपभोगमा नै बाधा पुग्नेछ। यसका प्रारम्भिक सङ्केतहरु देखिँदै गएको तथा सबैभन्दा बढी आर्थिक र भौतिक क्षति व्यहोर्ने राष्ट्रको सूचीमा नेपाल अग्रपङ्क्तिमा सर्दै गएको देखिँदैछ। हिमनदी पग्लिने, हिमताल फुट्ने, अतिवृष्टी, अनावृष्टी, बेमौसमी बाढी, पहिरो, भूक्षय, खडेरीलगायतका मौसमी प्रकोपहरु भोलि झन बढ्दै जाने देखिन्छ। तर पनि हाम्रो विडम्बना केछ भने यसरी हामीले भोगेका समस्या हाम्रा कारणबाट सृजित होइनन्। विकसित देशहरुले औद्योगीकरण तथा आधुनिक विकासका क्रममा उत्सर्जन गरेको हरित गृह ग्यासले विश्वको जलवायुमा पारेको असरबाट हामीमाथिको यो अवस्था सृजना भएको हो।

जलवायु परिवर्तन विश्वव्यापी समस्या भए पनि नेपालजस्ता पहाडी तथा अतिकम विकसित मुलुक र साना टापु राष्ट्रहरुमा यसको विषम असर परिरहेको छ। कृषि उत्पादनमा हस आउँदा प्रत्यक्ष मारमा नेपालको कृषि क्षेत्र परिरहेको छ। बीउबिजनको अभाव, समयमा वर्षा नहुने असमयमा हुने, अधिक वर्षा हुने, रैथाने बाली नास हुने, आधुनिक बालीलाई विषादी आदिको प्रयोगको बाध्यताका कारण बढ्दो रोगकिराको प्रकोपजस्ता समस्याको न्याय हामीले कहिले पाउने ? असमयमै आएको बाढीका कारण पोखराको सेती नदीबाट बाढीमा परेर बेपत्ता भएकाहरु हुन् या थामेमा आएको हिमपहिरोका पीडितहरुको पनि जलवायु न्याय पाउने अधिकारमाथि थपिएको छ भोटेकोशीको बाढी। यो बाढीले त हामीलाई यसरी थिचेको छ कि अझैसम्म क्षतिको आकलन नै गर्न सकिरहेका छैनौं। यस्तो अकल्पनीय क्षति व्यहोर्न बाध्य हाम्रो गल्ती के थियो र ?

कृषिकर्मबाट विस्थापित हुने अवस्था आएपछि देशका युवा उचित आम्दानीको स्रोत खोज्दै सहर पस्न तथा वैदेशिक रोजगारीमा जान बाध्य छन्। वातावरणीय विनाश र बढ्दो अनिश्चितताले युवाहरुमा बेरोजगारी र मानसिक तनाव बढ्दो छ। कति त वासस्थानबाटै पलायन हुन बाध्य छन्। कृषिकर्मप्रतिको अनाकर्षण बढ्दा खाद्यान्न अभाव र भोकमरी हाम्रो सन्निकट छ। हो, यो परिस्थितिका कारण अब हामीले विश्व समुदाय र सरोकारवालाहरुसँग न्याय माग्ने कामलाई तिरन्तर र सशक्त बनाउनुपर्ने छ। हामीले विश्व समुदायलाई भन्नुपर्ने छ कि पछिल्लो वातावरणीय र जलवायुजन्य जटिलतामा नेपालको हिस्सा र कारण के कति छ ? यदि छैन भने हामीलाई नखाएको विष किन लाग्ने ? यो बाध्यतालाई बहसका रुपमा अब हामीले सशक्त रुपमा विश्व समुदायसँग नै कूटनीतिक माध्यमबाट उठाउनुपर्छ।

यसै परिप्रेक्षमा नेपालले दुई वर्षअघि जलवायु परिवर्तनमा राष्ट्रहरुको दायित्वका सम्बन्धमा नेदरल्याण्डस्को हेगस्थित संयुक्त राष्ट्रसङ्घीय अन्तरराष्ट्रिय अदालतमा उपस्थित भएर जलवायु न्यायका लागि आफ्नो अडान राखेको पनि थियो। जलवायु परिवर्तनमा आफ्नो कुनै योगदान नभएको भए पनि बिनाकारण हामीले मार खानुपरेको अवस्थाबारे नेपालका तर्फबाट तत्कालीन परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले राख्नुभएको थियो। त्यस अवसरमा उहाँले नेपालजस्ता पर्वतीय एवं हिमाली राष्ट्रहरूले जलवायु न्याय पाउनुपर्ने विषयमा नेपालको माग जोडतोडका साथ राख्नुभएको थियो। प्रत्येक वर्ष हुने संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्मेलनलगायत विभिन्न अन्तरराष्ट्रिय मञ्चहरुमा पनि नेपालले निरन्तर जलवायु परिवर्तन, यसका असर र सोको न्यायका विषयमा आवाज उठाइरहेकै छ। जलवायु परिवर्तनसँग सम्बन्धित अन्तरराष्ट्रिय सहयोगहरु साथै अघिल्लो वर्षदेखि सञ्चालनमा आएको 'लस एण्ड ड्यामेज फण्ड' लगायतबाट नेपालजस्ता मुलुकहरुले ऋण नभई अनुदान सहायता पाउनुपर्ने नेपालको माग छँदैछ। यसका लागि नेपालले जलावायु कूटनीतिलाई सशक्त बनाउनुपर्छ।

प्रधानमन्त्री वालेन्द्र शाह राष्ट्रसङ्घीय महासभामा सहभागी हुने कुराले पनि नेपालले पाउनुपर्ने जलवायु न्यायको आवाज थप बुलन्द हुने अपेक्षा गरिएको छ। एकातर्फ हामी जलवायुजन्य जटिलताको चपेटामा परिरहने र अर्कातर्फ त्यसको समाधान र क्षतिपूर्तिका लागि न्यूनतम स्रोतको अभाव झेलिरहनुपर्ने दोहोरो मारमा हामी रहेको तथ्य प्रधानमन्त्री शाहले विश्व समुदायसँग जोडतोडका साथ उठाउनुपर्दछ। यतिखेर हामीमाथि विश्व समुदायकै सान्त्वना छ। र, ठूला दाता राष्ट्र तथा निकायहरुको दया थप जाग्ला र सहायता थप बढ्ला। तर हामीले अब सहयोग, सान्त्वना आदिका नामबाट नभएर अधिकारका रुपमा लिन चाहन्छौं। बर्सेनिको यो विपत्तिको मुख्य कारक जलवायु परिवर्तन नै हो र त्यसका लागि हामीलाई जलवायु न्याय चाहिन्छ भन्ने हाम्रो राष्ट्रिय ध्येय हुनुपर्दछ। प्रधानमन्त्री शाहले आगामी महिना हुन लागेको संयुक्त राष्ट्रसङ्घीय महासभामा पनि यही मान्यताका साथ सम्बोधन गर्नुहुने अपेक्षा छ। जसका लागि जलवायु कूटनीतिलाई थप सशक्त र परिणाममुखी बनाउनु पनि जरुरी छ।

# पुनर्निर्माण र पुनःस्थापनामा ध्यान केन्द्रित गर्नुपर्छः संयोजक प्रचण्ड



धादिङ । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाढी प्रभावित क्षेत्रमा अस्थायी व्यवस्थापनसँगै स्थायी पुनर्निर्माण र पुनःस्थापनाको कामलाई प्राथमिकता दिनुपर्ने बताउनुभएको छ ।

धादिङको गल्छीस्थित बाढी प्रभावित क्षेत्रको शनिबार स्थलगत अवलोकनपछि उहाँले बाढीबाट ठूलो मानविय तथा भौतिक क्षति भएको उल्लेख गर्दै अब पुनर्निर्माणको काम महत्त्वपूर्ण रहेको बताउनुभयो । "भौतिक क्षति ठूलै भएको छ । अब बाढी प्रभावितका लागि राहतसँगै अब अस्थायी र स्थायी पुनर्निर्माण तथा पुनःस्थापनाको काममा ध्यान केन्द्रित गर्नुपर्छ", उहाँले भन्नुभयो ।

संयोजक दाहालले विपद्पछि नेकपाले सुरुदेखि आफ्नोतर्फबाट पहल गर्दै आएको बताउनुभयो । बाढी आएलगत्तै पार्टीले प्रभावित क्षेत्रमा उद्धार तथा राहतमा सक्रिय हुन आह्वान गरेको र त्यसपछि बैठक बसेर विपद्पछिको अवस्थाबारे छलफल गरिएको उहाँको भनाइ छ ।

विपद् व्यवस्थापनसम्बन्धी अनुभव भएका पार्टी नेता गङ्गालाल तुलाधरको नेतृत्वमा कामको संयोजन गर्न समिति गठन गरिएको जानकारी दिँदै उहाँले पार्टीका नेता तथा कार्यकर्तालाई प्रभावित क्षेत्रमा परिचालन गरिएको बताउनुभयो ।

उहाँले बाढी प्रभावित क्षेत्रमा पार्टीको युवा सङ्गठन योङ कम्युनिष्ट लिग (वाइसीएल)ले गरेको कामको प्रशंसा गर्नुभयो । "हाम्रा युवाहरू, मुख्यतः वाइसीएलले यसपटक प्रभावित क्षेत्रमा गएर समन्वयात्मक काम गरेका छन्, म उहाँहरूलाई धन्यवाद दिन चाहन्छु", दाहालले भन्नुभयो । दाहाल आज बाढीका कारण प्रभावित क्षेत्रको स्थलगत अवस्थाबारे जानकारी लिन धादिङको गल्छी आउनु भएको हो । रासस

# नेपाल–चीन सहकार्यको केन्द्रमा जलवायु र पर्यावरण




काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालले नेपाल-चीन सम्बन्धलाई परम्परागत सीमा व्यवस्थापनको दायराबाट माथि उठाउँदै पर्यावरणीय सहकार्य, जलवायु सुरक्षा, प्रविधि, व्यापार र पूर्वाधार विकासमा आधारित रणनीतिक साझेदारीका रूपमा अघि बढाउनुपर्ने बताउनुभएको छ ।

'फाउण्डेसन फर पिस, डेभलपमेन्ट एण्ड सोसलिजम'द्वारा शनिबार आयोजित 'काष्ठमण्डप संवाद' शृङ्खलाअन्तर्गत 'नेपाल-चीन सम्बन्धः सहकार्यका विस्तारित आयाम' विषयक कार्यक्रममा उहाँले भोटेकोशीको हालैको बाढीले नेपाल र चीनबीचको सीमा केबल राजनीतिक सीमारेखा नभई साझा पर्यावरणीय नियति जोड्ने क्षेत्र भएको स्पष्ट पारेको बताउनुभयो ।

यही भदौ १० गतेको भोटेकोशी बाढीलाई 'हिमालयन सुनामी'को संज्ञा दिँदै परराष्ट्रमन्त्रीले विपद्पछिको उद्धारमा चीन सरकारले उपलब्ध गराएको आकस्मिक सहयोग, प्राविधिक सहायता तथा जलविज्ञानसम्बन्धी समन्वयप्रति आभार व्यक्त गर्नुभयो । "भूगोलले नेपाल र चीनबीच राजनीतिक सीमा मात्र कोर्दैन, यसले हाम्रो साझा नियतिलाई जोड्छ", मन्त्री खनालले भन्नुभयो ।

उहाँले हिमालयलाई विगतमा जस्तै अवरोध वा विभाजनका रूपमा नभई साझा पर्यावरणीय सम्पदा र संरक्षणका क्षेत्रका रूपमा लिनुपर्नेमा जोड दिनुभयो । जलवायु परिवर्तन र वातावरणीय जोखिम बढ्दै गएकाले नेपाल-चीन सहकार्यको आधार नै पर्यावरणीय उत्थानशीलता र जलवायु सुरक्षा हुनुपर्ने उहाँको भनाइ थियो ।

मन्त्री खनालले हिमताल विस्फोट, अनियमित मौसम तथा पहिरोजस्ता सीमापार प्रभाव पार्ने विपद् न्यूनीकरणका लागि रियल-टाइम स्याटेलाइट तथ्याङ्क आदानप्रदान, संयुक्त मौसम पूर्वानुमान तथा प्रारम्भिक चेतावनी प्रणाली विकास गर्नुपर्ने प्रस्ताव गर्नुभयो । उहाँले थप्नुभयो, "हिमालयलाई हामीलाई अलग गर्ने अवरोधका रूपमा होइन, सामूहिक संरक्षण आवश्यक पर्ने साझा आश्रयस्थलका रूपमा स्वीकार गर्नुपर्छ ।"

नेपाल-चीन सम्बन्ध शताब्दीयौँ पुरानो सभ्यतागत आदानप्रदानमा आधारित रहेको उल्लेख गर्दै परराष्ट्रमन्त्री खनालले सन् १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि दुई देशबीचको सम्बन्ध शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्त (पञ्चशील), सार्वभौम समानता, पारस्परिक विश्वास र एकअर्काको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने सिद्धान्तमा आधारित रहेको बताउनुभयो । नेपालको 'एक चीन' नीतिप्रतिको प्रतिबद्धता दृढ र स्पष्ट रहेको उल्लेख गर्दै उहाँले नेपाली भूमि छिमेकीविरुद्धका गतिविधिका लागि प्रयोग हुन नदिने प्रतिबद्धता पुनः व्यक्त गर्नुभयो ।

आमनिर्वाचनपछि गठित वर्तमान सरकारले सुशासन, प्रणालीगत कमजोरीको अन्त्य, सामाजिक न्याय र व्यापक समृद्धिलाई प्राथमिकता दिएको उल्लेख गर्दै मन्त्री खनालले नेपालको विदेश नीति पनि आर्थिक समृद्धिको बाह्य आधार बन्नुपर्ने बताउनुभयो । उहाँले नेपालको आर्थिक कूटनीतिअन्तर्गत ' थिक कनेक्टिभिटी एन्ड थिन बोर्डर्स' (बाक्लो कनेक्टिभिटी र पातलो सीमा) को अवधारणालाई अघि बढाइएको जानकारी दिनुभयो ।

परराष्ट्रमन्त्रीले उत्तरी नाकामा भन्सार पूर्वाधारको आधुनिकीकरण, उच्च हिमाली सीमावर्ती बन्दरगाहलाई वर्षैभर सञ्चालन हुने व्यावसायिक केन्द्रका रूपमा विकास तथा बाढी, पहिरो र अन्य वातावरणीय जोखिम सामना गर्न सक्ने सडक, पुल र सीमापार पूर्वाधारको पुनर्निर्माण आवश्यक छ भन्नुभयो ।

चीनले गरिबी न्यूनीकरण, ग्रामीण पुनरुत्थान तथा कृषि आधुनिकीकरणमार्फत हासिल गरेको विकासबाट नेपालले सिक्न सक्ने बताउँदै मन्त्री खनालले चीन हरित प्रविधि, रोबोटिक्स र जेनेरेटिभ आर्टिफिसियल इन्टेलिजेन्स मा विश्वकै प्रमुख शक्तिका रूपमा उदाएको उल्लेख गर्नुभयो ।

नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले चीन र नेपालले हिमालयको पारिस्थितिकीय प्रणाली साझा भएकाले जलवायु परिवर्तनका चुनौतीको सामना गर्न दुवै देश एकताबद्ध भएर उभिनुपर्नेमा जोड दिनुभयो । उहाँले बाढीबाट भएको क्षतिप्रति दुःख व्यक्त गर्दै चीनले नेपाललाई उपलब्ध गराएको सहयोगबारे जानकारी गराउनुभयो ।

राजदूत चाङले विपद्मा चीन सरकारका तर्फबाट नेपाललाई ड्रोन, बेलीब्रिज, डिएनए परीक्षण उपकरण र उद्धार डुङ्गालगायत पाँच खेप राहत सामग्री उपलब्ध गराएको तथा सुरुङभित्रको उद्धार, डिएनए पहिचान र फरेन्सिक पहिचानमा विशेषज्ञता हासिल गरेका २४ विज्ञ पठाइएको जानकारी दिनुभयो । रासस

# ग्यासको सहज वितरणको माग गर्दै प्रदर्शन




**टुडे समाचारदाता**

काठमाण्डु । खाना पकाउने एलपी ग्यासको आपूर्ति सहज गर्नुपर्ने माग राख्दै नेकपा (बहुमत)ले काठमाडौंमा विरोध प्रदर्शन गरेको छ ।

सरकारले खाना पकाउने ग्यास वितरण गर्न नसकेर आफ्नो असक्षमता प्रदर्शन गरेको उक्त नेकपा बहुमतको आरोप छ । उक्त पार्टीका नेता कार्यकर्ताले माइतिघरदेखि बबरमहलसम्म प्रदर्शन गरेका छन् ।

प्रदर्शनमा सहभागीहरू पछिल्लो समय महँगी समेत बढेकाले महँगी नियन्त्रण गर्न समेत माग गरेका छन् । उनीहरूले भोको पेटले के भन्छ ? - भरी ग्यास दे भन्छ, महङ्गीको मार ग्यासको हाहाकार कहाँ छ सरकार?, दुई तिहाइको सरकार जनतालाई ग्यास खोई, लगायत नारा लेखिएको प्लेकार्डसहित प्रदर्शन गरेका गरेका छन् ।

नेकपा बहुमतका प्रचार प्रसार प्रमुख गुणराज लुइटेलले डिलरहरूले दिउँसो कृत्रिम अभाव सिर्जना गरी रातिको समयमा महँगो मूल्यमा ग्यास बेच्ने गरेको आरोपसमेत लगाएका छन् ।

# हिमालयमा बढ्दो जलवायु जोखिमप्रति नेपाल–चीन सहकार्यमा जोड




काठमाण्डु । पूर्वप्रधानमन्त्री झलनाथ खनालले विश्वव्यापी तापमान वृद्धिसँगै हिमालय क्षेत्र गम्भीर रुपमा प्रभावित भइरहेको उल्लेख गर्दै सीमापार जोखिम न्यूनीकरणमा नेपाल र चीनबीच सहकार्य आवश्यक रहेको बताउनुभएको छ ।

'फाउण्डेसन फर पिस, डेभलपमेन्ट एण्ड सोसलिजम' द्वारा आज यहाँ आयोजित ' काष्ठमण्डप डायलग'को तेस्रो शृङ्खलालाई सम्बोधन गर्दै उहाँले हिमाली क्षेत्रका जोखिम न्यूनीकरण गर्न क्षेत्रीय तथा विश्वव्यापी सहकार्य अपरिहार्य रहेको बताउनुभयो ।

"भोटेकोशी विपद् नेपालका लागि राष्ट्रिय समस्या वा नेपाल र चीनबीचको क्षेत्रीय मुद्दा मात्र होइन, यो लामो समयदेखि औद्योगिक राष्ट्रबाट भएको कार्बन उत्सर्जनका कारण उत्पन्न भएको विश्वव्यापी समस्या हो", पूर्वप्रधानमन्त्री खनालले भन्नुभयो ।

उहाँले विश्वव्यापी तापक्रम वृद्धिमा योगदान नगण्य भए तापनि नेपालले जलवायु परिवर्तनका गम्भीर परिणाम भोगिरहेको बताउनुभयो । पूर्वप्रधानमन्त्री खनालले मौसम तथा बाढीसम्बन्धी सूचनाको प्रभावकारी आदानप्रदान, समन्वित विपद् पूर्वतयारी र अन्तरराष्ट्रिय जलवायु वित्तमा सहज पहुँच आवश्यक रहेको धारणा राख्नुभयो ।

रेल, सडक, सञ्चार तथा अन्य सीमापार पूर्वाधारलाई नेपालको विकास र आर्थिक एकीकरणका लागि अत्यन्त महत्त्वपूर्ण ठहऱ्याउँदै पूर्वप्रधानमन्त्री खनालले भौतिक तथा डिजिटल सम्पर्क विस्तारले नेपाल र चीनबीच व्यापार, पर्यटन, लगानी र जनस्तरीय सम्बन्ध बढाउन सहयोग पुगेको बताउनुभयो ।

"नेपाल-चीन ट्रान्स-हिमालयन बहुआयामिक कनेक्टिभिटी नेटवर्क र सीमापार रेलमार्ग सञ्जाललाई हामीले उच्च प्राथमिकतामा राख्नुपर्छ । बेल्ट एण्ड रोड इनियिटिभ (बिआरआई) ढाँचालाई अघि बढाउनुपर्छ", उहाँले भन्नुभयो, "कनेक्टिभिटी पूर्वाधार निर्माणमा प्राकृतिक विपद्को बढ्दो जोखिमलाई दृढतापूर्वक ध्यानमा राख्नुपर्छ ।"

नेपाली कम्युनिष्ट पार्टीका वरिष्ठ नेता खनालले विपद्का समयमा प्राविधिक तथा मानवीय सहायता उपलब्ध गराएकामा चीन सरकारप्रति आभार प्रकट गर्नुभयो । उहाँले चीनलाई समृद्धि र प्रतिकूलता दुवै अवस्थामा नेपालसँग उभिने भरपर्दो मित्रका रूपमा चित्रण गर्नुभयो । नेपालको सार्वभौमिकता, स्वतन्त्रता र भौगोलिक अखण्डताप्रति चीनले निरन्तर जनाउँदै आएको समर्थनको पनि उहाँले प्रशंसा गर्नुभयो ।

पूर्वप्रधानमन्त्री खनालले ' एकचीन' सिद्धान्तप्रति नेपालको प्रतिबद्धता दोहोर्याउँदै नेपालको भूमि चीन तथा उसका वैध सुरक्षा हितविरुद्ध हुने कुनै पनि गतिविधिका लागि प्रयोग हुन नदिइने बताउनभुयो । रासस

# बेलैमा पूर्वतयारी र व्यवस्थापन गरेको भए धेरै मानवीय क्षति रोक्न सकिन्थ्यो: घिसिङ

**टुडे समाचारदाता**

काठमाण्डु । उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले सरकारले विपद्को सुरुवाती चरणमै गर्नुपर्ने पूर्वतयारी र व्यवस्थापन गर्न नसकेका कारण धेरै मानवीय क्षति भएको बताएका छन् ।

ललितपुरमा शनिबार आयोजित एक कार्यक्रममा घिसिङले रसुवा बाढीको सन्दर्भमा यस्तो धारणमा राखेका छन् ।




उनले सुरुवातमै पूर्वतयारी र व्यवस्थापन गरेको भए र समयमै प्रभावकारी कदम चालेको भए धेरै मानवीय क्षति रोक्न सकिने बताए ।

अध्यक्ष घिसिङले देशमा आइपरेको ठुलो प्राकृतिक विपद्को सामना सबै मिलेर एकजुट भई गर्नुपर्ने बताए । त्यस्तै घिसिङले जेनजी आन्दोलनपछि अपेक्षा अनुसार सरकारले काम गर्न नसकेको, युवाहरूमा निराशा बढेको र विदेसिने दर झन् दोब्बर भएको टिप्पणी गरे ।


साना कृषकलाई उपेक्षा गरी ठूला लगानीकर्तालाई मात्र फाइदा पुग्ने खालका नीति ल्याइएको अध्यक्ष घिसिङले बताए । उज्यालो नेपाल पार्टी कुनै पनि अन्य पार्टीमा विलय नहुने र कुनै दलसँग नमिसी आफ्नै मौलिक एजेन्डासहित वैकल्पिक शक्तिका रूपमा अघि बढ्ने स्पष्ट पारे ।

आगामी स्थानीय, प्रदेश तथा संघीय निर्वाचनलाई लक्षित गर्दै कोशी प्रदेशबाट बृहत् भेला तथा गाउँ-गाउँमा संगठन र सदस्यता विस्तार अभियान सुरु गर्ने अध्यक्ष घिसिङले बताए ।

# एकताको महाधिवेशन बनाउन लचक हुन्छौँ, देउवाकै नेतृत्वमा असम्भव

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सहमहामन्त्री प्रकाश रसाइली स्नेहीले पार्टीभित्रको विवाद मिलाउन आफूहरू लचक हुन तयार रहेको बताएका छन् । यद्यपि, पार्टीको विधानको सर्वोच्चतालाई निरूपण गरेको विषयलाई अस्वीकार गर्न नमिल्ने उनको भनाइ छ ।



हमहामन्त्री प्रकाश रसाइली स्नेहीले भने, 'अब पनि असहमत राख्ने कसैलाई छुट छैन। अब संस्थागत रूपमा वार्ता र पार्टी एकताको कुरा होइन । व्यक्तिगत रूपमा कुराकानी गर्ने, त्यसले निर्णय गर्दै गर्दा सहज बनाइदिने कुरा भइरहेको छ ।'

पूर्वसभापति शेरबहादुर देउवा समूह पनि महाधिवेशनको मिति तोकेर अगाडि बढेका छन् । यसअघि तत्कालीन कार्यवाहक पूर्णबहादुर खड्का र नेता डा शेखर कोइरालाले अघि सारेको माग सम्बोधन गर्न संस्थापन पक्ष तयार भएपनि देउवा पक्षको असहमति कायमै छ ।

चुनदेवी समूहले १४ औं महाधिवेशनमा निर्वाचित देउवा नेतृत्वको कार्यसमितिबाटै महाधिवेशन हुनुपर्ने अडान राखेको छ । तर त्यो कुरा स्वीकार्न संस्थापन पक्ष तयार छैन ।

सदस्यता अद्यावधिकमा जस्तै केन्द्रीय समिति समायोजनको विषयमा पनि तयार हो ? भन्ने नेपाल प्रेसको जिज्ञासामा उनले भने, 'यो दुइटा पार्टी होइन, यो एउटै पार्टी हो। आवश्यकता, औचित्यताका आधारमा साथीभाइहरूलाई सँगै लैजाने कुरामा सहजता देखाउन सकिन्छ ।'

उनले विशेष महाधिवेशनबाट बाहिर रहेका नेताहरूलाई समेट्नको लागि आवश्यक निर्णय गर्ने सभापतिको क्षेत्राधिकार भएको बताए ।

उनले देउवालाई सर्वोच्चको दुईवटा फैसला र निर्वाचन आयोगले पार्टी सभापतिको रूपमा नचिन्ने भएकाले त्यो काम सम्बोधन गर्न नसिकिने बताए ।

देउवाकै नेतृत्वमा महाधिवेशन गर्नुपर्ने अडानबारे उनले भने, 'सर्वोच्च अदालतका दुइटा फैसलाले पनि चिन्दैन। उहाँलाई निर्वाचन आयोगले पनि चिन्दैन, पार्टीको विधानले पनि चिन्दैन। त्यो त उहाँले म नै सभापति हुँ भन्ने कुरा त लाज पनि लजाउँछ नि !'

सर्वोच्च फैसला, पछिल्लो रिटले कांग्रेसको सभापति गगन थापालाई महाधिवेशन गर्न अनुमति दिएको जिकिर गरे ।

उनले थपे, 'उहाँले दिएको रिटकोलाई खारेजै गरेको छ। त्यो भन्दा अगाडि संयुक्त इजलासले पनि त्यही फैसला गरेको छ । पार्टीको विधान, संवैधानिक अङ्ग निर्वाचन आयोगले गरेको निर्णयलाई नमान्ने भन्ने हुन्छ ?'

लोकतन्त्र विधिको शासनका निम्ति लडेको नेताले फेरि मै सभापति हुँ भन्दा लाज पनि लजाउने उनको भनाइ छ ।

# दल र नेताहरूको 'दास मानसिकता' ले संघीयता कमजोर भयो

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एमाले) का सांसद सोनाम गेल्जेन शेर्पाले नेपालमा सङ्घीयता कार्यान्वयन कमजोर हुनुमा राजनीतिक दल र नेताहरूको भूमिका प्रमुख रहेको टिप्पणी गरेका छन् । सिंहदरबारमा बसेको राष्ट्रिय सभाअन्तर्गतको सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा बोल्दै सांसद शेर्पाले यस्तो टिप्पणी गरेका छन् ।



राजनीतिक नेतृत्वमा रहेको 'दास मानसिकता' का कारण सङ्घीयताको प्रभावकारी कार्यान्वयन हुन नसकेको आरोप उनले लगाएका छन् । सङ्घीयता आवश्यक रहेको बताउने तर त्यसका लागि आवश्यक कानुन निर्माण र अधिकार हस्तान्तरणमा तयार नहुने प्रवृत्ति राजनीतिक दलहरूमा देखिएको उनले उल्लेख गरेका छन् ।

संघीय निजामती कर्मचारी ऐन, शिक्षा ऐन र प्रहरी ऐनलगायत महत्त्वपूर्ण कानुन निर्माण हुन नसक्दा प्रदेश र स्थानीय तहलाई प्रभावकारी रूपमा अधिकार प्रयोग गर्ने वातावरण नबनेको उनको भनाइ छ । केन्द्रले अधिकार र स्रोत नियन्त्रणमा राखेर प्रदेश तथा स्थानीय तहलाई जिम्मेवारी मात्र दिने अनि असफल भयो भन्ने गरेको तर्क उनले गरे। केन्द्रदेखि स्थानीय तहसम्मै अधिकार गुम्ने डरले नेतृत्वले अधिकार हस्तान्तरण गर्न नचाहेको उनले बताए।

समितिको बैठकमा बोल्दै सांसद शेर्पाले भने- 'सङ्घीयता चाहिन्छ भन्ने तर काम नगर्ने, कानुन पनि नबनाइदिने नेपालको सङ्घीयताका लागि सबभन्दा खतरनाक मान्छेहरू देखियो। यसले गर्दा हामीले सङ्घीयतालाई राम्रोसँग लागू गर्न सकेनौँ ।'

राजनीतिक नेतृत्वको शैलीमाथि प्रश्न उठाउँदै उनले थपे, 'हामी सबैभन्दा पहिले पार्टीको दास मानसिकताबाट आयौँ । पार्टीको निर्देशन मान्ने, बोली हाले बिग्रिन्छ कि भनेर नबोल्ने अवस्था स्थानीय तह र केन्द्र दुवैतिर छ । यस्तो मानसिकताले गर्दा सङ्घीयता कसरी अगाडि बढाउने भन्नेमा खुला बहस हुन सकेन ।'रासस

# विदेशी विज्ञलाई १० दिन रोक्नु सामान्य कमजोरी होइन– केपी ओली

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्राकृतिक विपत्तिमा परेर थुनिएका नागरिकलाई सरकार आफैले पनि समयमा उद्धार गर्न नसकेको र विदेशी विज्ञहरुलाई पनि १० दिनसम्म रोक्नु नै गम्भीर अपराध रहेको बताए छन् ।



पार्टी कार्यालयमा शनिबार पार्टीका स्वयंसेवकहरुलाई विपदका विषयमा जानकारी दिँदै यस्तो अवस्थामा आफ्ना सबै काम छाडेर उद्धारमा खटिएकोमा धन्यवाद दिएका छन् ।

अध्यक्ष ओलीले विपदको अवस्थामा सरकारको आलोचना गर्ने मन नभएको तर गम्भीर कमजोरी पटकपटक दोहोराएकाले खबरदारी गरेको बताएका छन् ।

अध्यक्ष ओलीले भने, 'राज्यको आलोचना गर्ने समय होइन यो, तर पटक पटक गम्भीर कमजोरी भएपछि देखाएको हो, राज्यले सबै हेलिकोप्टर कब्जा गरेर हामी नेपाललाई घुम्न दिने अरुलाई वास्तै नगर्ने गम्भीर दुरुपयोग गरेको छ, उद्दारका काम गर्ने संस्था र विज्ञलाई नदिएर गम्भीर कमजोरी भएको छ', उनले भनेका छन्, 'हामी नेपाल पार्टीको नेतृत्वमा सरकार रहेको जस्तो अहिले देखिएको छ । यो हामीले मात्र होइन सत्तारुढ दलकै मान्छेले भनेका छन् ।'

उनले विपदमा सरकार आफैले पनि नगर्ने र बाहिरबाट आएका विज्ञहरुलाई रोकेर गम्भीर कमजोरी गरेको आरोप लगाएका छन् ।

'विदेशबाट पनि धेरै विज्ञ आए तर १० दिनसम्म अरुलाई पस्न पनि नदिने र आफूले पनि सुरुङबाट ननिकाल्ने सामान्य कमजोरी होइन', उनले भने, 'सुरक्षा निकायलाई अनावश्यक दवावमा काम नगर्न र कानुन विपरीतका कामहरु नगर्न आग्रह छ, सधै यस्ता कमजोरी गर्नेहरु सत्तामा रहदैनन् ।'अध्यक्ष ओलीले सरकारमा रहेकाहरुमा सामान्य राजनीतिक चेतना पनि नभएको आरोप लगाए ।रासस

# युक्रेन र मध्यपूर्व युद्धबीच भारतमा ब्रिक्स नेताहरूको बैठक




एएफपी । उदीयमान तथा विकासोन्मुख राष्ट्रहरूको विश्वव्यापी एजेन्डा निर्माणमा थप प्रभावकारी भूमिका खोजिरहेको ब्रिक्स समूहका नेताहरू व्यापार, लगानी तथा विश्वव्यापी द्वन्द्वका विषयमा छलफल गर्न शनिबार नयाँदिल्लीमा भेला हुँदैछन् ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, चिनियाँ राष्ट्रपति सी जिनपिङ, इरानी राष्ट्रपति मसुद पेजेस्कियनसहित अन्य आठ सदस्य राष्ट्रका नेताहरूलाई शिखर सम्मेलनमा स्वागत गर्दै हुनुहुन्छ । युक्रेन र मध्यपूर्वमा जारी युद्ध तथा अमेरिका-चीनबीच बढ्दो तनावका कारण फरक-फरक भू-राजनीतिक स्वार्थ भएका सदस्य राष्ट्रबीच साझा धारणा बनाउन समूहको क्षमता परीक्षण भइरहेका बेला सम्मेलन हुन लागेको हो ।

सम्मेलन स्थल तथा नयाँदिल्लीका विभिन्न क्षेत्रमा हजारौँ प्रहरी र अर्धसैनिक सुरक्षाकर्मी परिचालन गरिएको छ । सुरक्षा व्यवस्थाका कारण केही स्थानमा यातायातमा रोक तथा मार्ग परिवर्तनसमेत गरिएको छ ।

ब्रिक्सको स्थापना सन् २००६ मा ब्राजिल, रुस, भारत र चीनले गरेका थिए । सन् २०१० मा दक्षिण अफ्रिका समूहमा सामेल भएको थियो । त्यसयता समूहको विस्तार हुँदै सदस्य सङ्ख्या ११ पुगेको छ । समूहले विश्वको ठूलो जनसङ्ख्या तथा विश्वव्यापी आर्थिक उत्पादनको उल्लेखनीय हिस्सा प्रतिनिधित्व गर्छ । ब्रिक्सले विश्वव्यापी संस्थाहरूमा विकासोन्मुख राष्ट्रहरूको प्रतिनिधित्व बढाउनुपर्ने माग गर्दै आएको छ ।

शिखर सम्मेलनमा आर्थिक सहयोग, ऊर्जा, खाद्य सुरक्षा, प्रविधि, आपूर्ति शृङ्खला तथा विश्वव्यापी संस्थाहरूमा सुधारलगायतका विषयमा छलफल हुने अपेक्षा गरिएको छ । अमेरिकी डलरमाथिको निर्भरता घटाउने विषय पनि प्राथमिकतामा रहनेछ । सदस्य राष्ट्रहरूले आपसी व्यापार तथा भुक्तानीमा राष्ट्रिय मुद्राको प्रयोग बढाउनुका साथै पश्चिमी प्रभुत्व रहेका वित्तीय संस्थाको विकल्प खोज्न जोड दिँदै आएका छन् ।

**रुस र चीनद्वारा प्रभाव विस्तारको प्रयास**

चीन र रुसले ब्रिक्सलाई पश्चिमी प्रभुत्व, विशेषगरी संयुक्त राज्य अमेरिकाको प्रभाव, घटाउने तथा उदीयमान र विकासोन्मुख अर्थतन्त्रबीच सहयोग विस्तार गर्ने माध्यमका रूपमा हेर्दै आएका छन् ।

शुक्रबार नयाँदिल्लीमा आयोजित ब्रिक्स बिजनेस फोरमलाई सम्बोधन गर्दै राष्ट्रपति पुटिनले ब्रिक्स कुनै पनि देश वा समूहविरुद्ध लक्षित नभएको बताउनुभयो । उहाँले रुस विश्वभरका देशसँग सहकार्य गर्न तयार रहेको उल्लेख गर्दै भन्नुभयो, "हामी हाम्रा स्वार्थहरूको पक्षमा छौँ ।"

इरानले पनि पश्चिमी वित्तीय प्रणालीमाथिको निर्भरता घटाउने तथा सदस्य राष्ट्रलाई आर्थिक दबाबबाट जोगाउन सक्ने संयन्त्र निर्माणको वकालत गर्दै आएको छ । तेहरानले लामो समयदेखि व्यापक अन्तरराष्ट्रिय प्रतिबन्ध तथा अमेरिकी प्रतिबन्धको सामना गर्दै आएको छ ।

इरानी राष्ट्रपति पेजेस्कियनले ब्रिक्स सदस्य राष्ट्रबीच राष्ट्रिय मुद्रामार्फत व्यापार विस्तार गर्ने कदमको समर्थन गर्नुभएको छ । शुक्रबार पत्रकारहरूसँग कुरा गर्दै उहाँले सदस्य राष्ट्रबीचको व्यापारमा राष्ट्रिय मुद्राको प्रयोग विस्तार गर्नु महत्त्वपूर्ण कदममध्ये एक भएको बताउनुभयो ।

यसैबीच, चीनले ब्रिक्सलाई आफ्नो प्रभाव विस्तार गर्ने तथा अमेरिकी शक्तिको प्रतिसन्तुलनका रूपमा स्थापित गर्ने प्रयास गरिरहेको छ । चिनियाँ विदेश मन्त्रालयकी प्रवक्ता माओ निङका अनुसार राष्ट्रपति सीले प्रमुख अन्तरराष्ट्रिय मुद्दाका साथै ब्रिक्स सदस्य राष्ट्रबीच सहयोग थप सुदृढ बनाउने उपायबारे छलफल गर्ने अपेक्षा गरिएको छ ।

**रणनीतिक साझेदारीमा भारतको सन्तुलन**

भारतका लागि यो शिखर सम्मेलनले अमेरिका र युरोपसँग सम्बन्ध विस्तार गर्दै रुस तथा इरानसँगको रणनीतिक साझेदारी कायम राख्ने उसको प्रयासलाई उजागर गर्नेछ । नयाँदिल्लीले मस्को र तेहरानसँगको लामो समयदेखिको सम्बन्ध तथा वासिङ्टन र अन्य पश्चिमी राष्ट्रसँग आर्थिक, रक्षा र प्रविधिको क्षेत्रमा बढ्दो सहकार्यबीच सन्तुलन कायम गर्ने प्रयास गर्दै आएको छ ।

युक्रेन युद्ध तथा इरान र अमेरिकाबीचको तनावका बाबजुद भारतले रुस र इरान दुवैसँग घनिष्ठ सम्बन्ध कायम राखेको छ । साथै, नयाँदिल्लीले द्वन्द्व समाधानका लागि वार्ता र कूटनीतिको पक्षमा जोड दिँदै आएको छ ।

शिखर सम्मेलनअघि शुक्रबार प्रधानमन्त्री मोदीले राष्ट्रपति पुटिन र राष्ट्रपति पेजेस्कियनसँग छुट्टाछुट्टै भेटवार्ता गर्नुभएको थियो ।

भारतले ब्रिक्स मञ्चमार्फत चीनसँगको लामो समयदेखिको तनावपूर्ण सम्बन्ध सुधार गर्ने अवसरसमेत खोजिरहेको छ । शनिबार मोदी र सीबीच भेटवार्ता हुने अपेक्षा गरिएको छ । सन् २०२० मा सीमा क्षेत्रमा तनाव बढेयता दुई देशबीचको कूटनीतिक सम्बन्धमा आएको सुधारलाई यो भेटले थप बलियो बनाउन सक्ने अपेक्षा गरिएको छ ।

भारतका लागि अर्को महत्त्वपूर्ण परीक्षा भनेको शिखर सम्मेलनमा सदस्य राष्ट्रका नेताहरूबाट संयुक्त वक्तव्य जारी गराउन सक्नु हुनेछ । सदस्य राष्ट्रबीचका मतभेद गत मे महिनामै स्पष्ट भएका थिए । त्यतिबेला ब्रिक्सका विदेशमन्त्रीहरू इरानसम्बन्धी द्वन्द्वबारे संयुक्त वक्तव्यमा सहमत हुन सकेका थिएनन् । त्यसपछि भारतले संयुक्त वक्तव्यको सट्टा 'अध्यक्षको सारांश' जारी गरेको थियो ।

अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानमाथि गरेको आक्रमणबाट सुरु भएको द्वन्द्व थप फैलिन सक्ने चिन्ता बढिरहेका बेला ब्रिक्स शिखर सम्मेलन हुँदैछ । साउदी अरब र यमनका हुथी विद्रोहीबीच बढ्दो तनावले समेत क्षेत्रीय अस्थिरताको जोखिम बढाएको छ ।

युक्रेन र मध्यपूर्वका युद्ध तथा अमेरिकासँगको सम्बन्धबारे सदस्य राष्ट्रका फरक-फरक अडानका कारण यसपटकको शिखर सम्मेलनमा ब्रिक्सको एकता र साझा धारणा निर्माण गर्ने क्षमताको महत्त्वपूर्ण परीक्षा हुने अपेक्षा गरिएको छ ।

# युएईलाई हराउँदै नेपाल एसिया कपमा छनोट



काठमाण्डु । तेस्रो संस्करणको एसिसी प्रिमियर कप एकदिवसीय प्रतियोगिताको उपाधि नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोलीले जितेको छ । आज मलेसियामा सम्पन्न फाइनल खेलमा युनाइटेड अरब इमिरेट्स (युएई) लाई ४४ रनले हराउँदै नेपालले दोस्रोपटक प्रिमियर कपको उपाधि जितेको हो ।

योसँगै नेपाली टोली सन् २०२७ मा बङ्गलादेशमा आयोजना हुने एकदिवसीय एसिया कपमा छनोट भएको छ । नेपालले दोस्रोपटक एसिया कपमा स्थान बनाएको हो । नेपालले यसअघि सन् २०२३ मा युएईलाई नै हराएर एसिया कपमा स्थान बनाएको थियो ।

गत संस्करणको विजेता बनेको युएई भने एसिया कप २०२७ मा स्थान बनाउन वञ्चित भयो । फाइनल खेलमा नेपालले दिएको ३१४ रनको लक्ष्य पछ्याएको युएई ४९ दशमलव एक ओभरमा २६९ रनमा अलआउट भयो । उसका लागि राहुल चोपराले १०५ बलमा तीन चौका र चार छक्कासहित अविजित १०० रनको पारी खेले पनि जितका लागि पर्याप्त भएन ।

यस्तै सोयब खानले ५२, तानिस सुरीले ४२, हरप्रीत सिंहले ३३ र खुजैमा तनवीरले १५ रन जोडे । नेपालका लागि बलिङतर्फ करण केसीले तीन, ललितनारायण राजवंशीले दुई, कप्तान सन्दीप लामिछाने, दीपेन्द्रसिंह ऐरी, रोहितकुमार पौडेल र गुलशनकुमार झाले एक/एक विकेट लिए ।

त्यसअघि मलेसियाको क्वालालाम्पुरस्थित बायुमास ओभलको मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा नौ विकेट गुमाएर ३१३ रन बनाएको थियो । नेपालका लागि ओपनर तथा विकेटकिपर आसिफ शेखले शतकीय इनिङ खेले । उनले १०६ बलमा आठ चौका र चार छक्कासहित १०२ रनको इनिङ खेलेका हुन् ।

एकदिवसीय अन्तरराष्ट्रिय क्रिकेटमा आसिफको यो दोस्रो शतक हो । यस्तै, आज गुलशनकुमार झाले अर्धशतकीय पारी खेले । उनले ३८ बलमा चार छक्का र तीन चौकाको मद्दतमा ५२ रनको पारी खेलेका हुन् ।

एकदिवसीय अन्तरराष्ट्रियमा गुलशनको यो छैटौँ अर्धशतक हो । यस्तै, अर्जुन कुमालले ४३, रोहितकुमार पौडेलले ४०, दीपेन्द्रसिंह ऐरीले १८, बसिर अहमदले अविजित १५ र ईशान पाण्डेले १३ रन जोडे ।

युएईका लागि बलिङमा इब्रार अहमदले चार, खुजैमा तनवीरले दुई तथा हैदर अली, अबीद उस्मानीले एक/एक एक विकेट लिएका थिए । रासस

# कंगोको विद्यालयमा आगलागी, मृतकको संख्या २६ पुग्यो : युनिसेफ



एएफपी । पूर्वी लोकतान्त्रिक गणतन्त्र कंगोको एक विद्यालयमा भएको आगलागी र भागदौडमा कम्तीमा २६ बालबालिकाको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घीय बाल एजेन्सीले (युनिसेफ) ले जनाएको छ ।

कंगो बुकाभु सहरको एक विद्यालयमा बच्चाहरू पठन - पाठन गरिरहेको अवस्थामा आगलागी भएकाले विद्यार्थीहरूले भाग्ने प्रयास गर्दा गदै हाताहात र भागदौड़ भएको जनाएएको छ ।

आगलागीका कारण अन्य २५ जना बालबालिका घाइते भएको युनिसेफले जारी गरिएको विज्ञप्तिमा उल्लेख गरएको छ ।

बुकाभु, एक प्रमुख शहर हो तर दक्षिण किवु प्रान्तको राजधानी, सन् २०२५ फेब्रुअरीदेखि रुवान्डा समर्थित एम -२३ सशस्त्र समूहले डीआरसीको क्षेत्र कब्जा गर्न अभियान चलाएपछि नियन्त्रणमा रहेको छ ।

शुक्रबार एम-२३ ले देशभरबाट आएको त्रासदीप्रति भावनात्मक प्रतिक्रियाको बीचमा तीन दिनको शोक घोषणा गरेको छ ।

पीडितहरूको अन्त्येष्टि शनिबार हुने अपेक्षा गरिएको छ ।

आगोले यस्तो ढलानमा फराकिलो, घना निर्माण गरिएको क्षेत्रलाई ध्वस्त पारेको छ, जसले बासिन्दाहरूलाई धातुको टुक्रिएको पानाले भरिएको जलेको घरहरूको भग्नावशेषबाट बाहिर निकाल्न छोडेको छ ।

गत हप्ता राजधानी किन्शासामा भएको विवाह समारोहमा आगलागी हुँदा १२ जनाको मृत्यु भएको थियो भने अक्टोबरमा भएको अर्को आगलागीमा बुकाभुमा १४ जनाको मृत्यु भएको थियो जसमा अधिकांश बालबालिका थिए ।

# यमनका सरकारी फौजद्वारा लाल सागरको सहरमा हुथीहरूमाथि प्रहार



एएफपी । यमनको रियाद-समर्थित सरकारी फौजले शनिबार रणनीतिक लाल सागरस्थित सहर ' मोचा' मा इरान-समर्थित हुथी लडाकुहरूमाथि प्रहार गरेको जनाएको छ ।

एक साता लामो आक्रमणपछि, हुथीहरूले शुक्रबार यमनको लाल सागर तटीय क्षेत्र कब्जा गरेको बताइएको छ । यससँगै उनीहरूले 'बाब अल-मान्दब जलसन्धि' मा आफ्नो पकड बलियो बनाएका छन् अमेरिका-इरान युद्धका कारण 'हर्मुज जलसन्धि' बन्द रहेको अवस्थामा साउदी अरबको तेल निर्यातका लागि यो जलसन्धि एक महत्त्वपूर्ण मार्ग बनेको छ ।

सरकारी समाचार संस्था 'साबा' का अनुसार, सशस्त्र फौजले मोचा सहरको बन्दरगाह नजिकै इरानी शासनको समर्थन प्राप्त हुथी विद्रोही समुह मिलिसियाका सवार ीसाधन र हतियारहरू नष्ट गर्नुका साथै उनीहरूका सदस्यहरूको हत्या गरेका छन् ।

साबाका अनुसार, यमनी सरकारी फौजका प्रवक्ता माजिद अब्दुल्लाह अल-नाजिलीले उनीहरूले सहरबाट-११ किलोमिटर टाढा रहेको मोचा-धुबाब सडकमा पनि हुथीहरूको सवारीसाधन र सदस्यहरू माथि प्रहार गरेका छन् ।

नाजिलीले शुक्रबार मोचाका विभिन्न क्षेत्रमा गोलाबारी सुरु गरिएको जानकारी दिँदै नागरिकहरूलाई ताइज-मोचा र मोचा-धुबाब सडक प्रयोग नगर्न आग्रह गर्नुभएको छ ।

हुथीहरूले बिहीबार मोचामाथि नियन्त्रण कायम गरेका भने उनीहरूको आक्रमणका कारण धेरै मानिसहरू भागेर 'एडेन' पुगेका छन्, जहाँ अन्तरराष्ट्रिय रूपमा मान्यता प्राप्त सरकारको मुख्यालय रहेको छ ।

शुक्रबार, हुथी सञ्चारमाध्यमले साउदीको दुईवटा प्रहार मोचाको विमानस्थलमा लागेको जनाएका छन भने स्थानीय अधिकारीले सहरको समुद्री बन्दरगाहमा अज्ञात स्रोतबाट आएका छ वटा क्षेप्यास्त्र प्रहार भएको बताउनुभयो ।

दुवै पक्षका स्रोतहरूका अनुसार, गत साता सुरु भएको हुथी आक्रमणमा ५०० भन्दा बढी मानिसको ज्यान गइसकेको छ ।

संयुक्त राष्टसङ्घको आप्रवासन निकायले शुक्रबार जनाएअनुसार, यस आक्रमणका कारण करिब ४६, हजार मानिसहरु विस्थापित भएका छन् । यो यमनको गृहयुद्धमा पुनः सुरु भएको शत्रुताको एक हिस्सा हो, जुन सन् २०१४ मा उक्त समूहले राजधानी साना नियन्त्रणमा लिएसँगै सुरु भएको थियो ।

# यु -१८ राष्ट्रिय फुटबलमा ३ सय भन्दा बढी विद्यालय सहभागी हुने

**टुडे समाचारदाता**




काठमाण्डु । देशभरिका ३ सय भन्दा बढी विद्यालयको सहभागितामा 'एसियन पेन्ट्स च्याम्पियनसिप अन्तर-विद्यालय यु-१८ छात्र तथा छात्रा राष्ट्रिय फुटबल प्रतियोगिता २०२६' आयोजना हुने भएको छ ।

हिमालयन डिलोग प्रालिको आयोजना तथा राष्ट्रिय खेलकुद परिषद् (राखेप)को स्वीकृतिमा हुने प्रतियोगिताको प्रदेशस्तरीय छनोट खेल भदौ २५ गतेदेखि सातै प्रदेशमा एकसाथ शुरु हुने आयोजकले जनाएको छ ।

विद्यालय तहमा रहेका उदीयमान फुटबल प्रतिभाको पहिचान गरी उनीहरूलाई राष्ट्रियस्तरमा स्थापित गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको हो। प्रतियोगिताका खेल सातै प्रदेशका विभिन्न १४ प्रमुख खेलमैदान तथा विद्यालयका फुटबल मैदानमा सञ्चालन हुनेछन् ।

प्रदेशस्तरबाट छात्रतर्फ ६ र छात्रातर्फ ६ गरी कुल १२ टोली राष्ट्रिय च्याम्पियनसिपका लागि छनोट हुनेछन्। फाइनल खेल असोज १६ गते काठमाडौंमा हुने बताइएको छ ।

प्रदेशस्तरीय छनोटअन्तर्गत कोशीमा विराटनगर र इटहरी, मधेशमा लालबन्दी, सिमरा तथा रौतहट, बागमतीमा चितवन र काठमाडौं, गण्डकीमा पोखरा र गोरखा, लुम्बिनीमा घोराही, नेपालगन्ज र बुटवल तथा सुदूरपश्चिममा धनगढीमा खेल सञ्चालन हुनेछन् ।

प्रतियोगिताको कुल पुरस्कार राशि १६ लाख रुपैयाँभन्दा बढी रहेको छ। प्रतियोगिताका लागि विशेष ट्रफीसमेत तयार पारिएको छ। नेपालगन्ज र धनगढीमा ट्रफी टुर सम्पन्न भइसकेको र पोखरा तथा विराटनगरमा क्रमशः असोज ३० र ३१ गते ट्रफी टुर गर्ने कार्यक्रम रहेको आयोजकले जनाएको छ ।

सो प्रतियोगितालाई खेलकुदसँगै वातावरण संरक्षणसँग जोड्दै 'एक गोल, एक रुख' अभियानसमेत सञ्चालन गरिने जनाइएको छ । प्रतियोगितामा हुने प्रत्येक गोल बराबर एउटा बिरुवा रोपिने आयोजकले जनाएको छ ।

# मियामीमा हुने जी -२० शिखर सम्मेलनमा पुटिनसँग भेट्न तयार रहेको जेलेन्स्कीको भनाइ: जर्मन मिडिया



एएफपी । द्वन्द्व अन्त्य गर्ने प्रयासहरू तीव्र भइरहेका समयमा शनिबार सार्वजनिक भएको एक अन्तर्वार्तामा युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले मियामीमा हुने आगामी जी-२० शिखर सम्मेलनमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट्न आफू तयार रहेको बताउनुभएको छ ।

डिस्चे वेले (जर्मन प्रसारण मिडिया) ले आगामी डिसेम्बरमा हुने उक्त भेलामा दुवै नेतालाई आमन्त्रण गरिएमा पुटिनसँग भेट्नुहुन्छ कि हुँदैन भनेर सोधेको प्रश्नको जवाफ दिदै उहाँले भन्नुभयो, "पक्कै पनि हामी त्यहाँ जानुपर्छ, हामीले भेट्नुपर्छ, कुरा गर्नुपर्छ र निर्णयहरू लिनुपर्छ ।"

उहाँले कुरा शब्दहरू र म उहाँलाई के भन्छु वा उहाँ मलाई के भन्नुहुन्छ त्यो महत्त्वपूर्ण नभई त्यसबाट आउने नतिजा मात्र महत्त्वपूर्ण भएकाले नतिजा नै मुख्य कुरा भएको बताउनुभयो ।

वासिङ्टनले हालै रूस-युक्रेन युद्ध (जुन अहिले पाँचौं वर्षमा प्रवेश गरेको छ) अन्त्य गर्ने लामो समयदेखि रोकिएको प्रयासलाई पुनः अघि बढाउने पहल गरेको छ; यसै क्रममा अमेरिकी वार्ताकारहरू स्टिभ विटकोफ र जेरेड कुशनरले गत साताको अन्त्यमा मस्को र किएभको भ्रमण गरेका थिए ।

पुटिन र उहाँका अमेरिकी समकक्षी डोनाल्ड ट्रम्पले पनि गत साता युद्धबारे छलफल भएको थियो भने क्रेमलिनले उक्त टेलिफोन वार्तालाई अत्यन्त स्पष्ट र रचनात्मक प्रयास भनेको थियो ।

शुक्रबार भएको उक्त अन्तर्वार्तामा जेलेन्स्कीले विटकोफ र कुशनरको भ्रमणलाई "राम्रो सङ्केत भन्दै उनीहरूले मस्कोका साथै किएभको पनि भ्रमण गर्नु महत्त्वपूर्ण रहेको बताउनुभयो ।

यस वर्ष संयुक्त राज्य अमेरिकाले प्रमुख अर्थतन्त्रहरूको समूह जी-२० ' को अध्यक्षता गरिरहेको छ; यस समूहमा १९ राष्ट्रका साथै युरोपेली सङ्घ र अफ्रिकी सङ् समावेश छन् ।

# इजरायली आक्रमणबीच लेबनानी राष्ट्रपतिको नबातिह भ्रमण



एएफपी । लेबनानका राष्ट्रपति जोसेफ आउनले शनिबार देशको दक्षिणी क्षेत्रको भ्रमण गर्नुभएको छ । इजरायली सेनाले हालै कब्जा गरी ध्वस्त पारेको हिजबुल्लाहको रणनीतिक अखडानजिकै रहेको नबातिह सहरमा उहाँले आकस्मिक भ्रमण गर्नुभएको हो ।

ल े ब न ा न क ा े सरकारी सञ्चारमाध्यमका अनुसार राष्ट्रपति आउन सुरक्षा अधिकारीसहित कुनै पूर्वसूचना नदिई नबातिह पुग्नुभएको थियो ।

अमेरिकाको मध्यस्थतामा इजरायल र लेबनानबीच अर्को साता तय गरिएको वार्ताको नयाँ चरण अक्टोबरसम्मका लागि सारिएको अमेरिकी कूटनीतिक अधिकारीले जानकारी दिएको भोलिपल्ट राष्ट्रपति आउनको भ्रमण भएको हो ।

लेबनानी सञ्चारमाध्यमले प्रसारण गरेका दृश्यमा नबातिहमा स्थानीय बासिन्दाले राष्ट्रपति आउनलाई स्वागत गरेको देखिएको छ । राष्ट्रपति आउनले स्थानीयसँग ऐक्यबद्धता जनाउँदै नबातिह सरकारी अस्पतालका कर्मचारीहरूको प्रशंसा गर्नुभएको थियो ।

उहाँले यस क्षेत्रबाट अधिकांश मानिस विस्थापित भइसके पनि आफ्नो ज्यान जोखिममा राखेर चिकित्सा सेवा प्रदान गरिरहेका अस्पतालका कर्मचारीहरूको योगदानको सराहना गर्नुभयो ।

अमेरिकाको पहलमा इजरायल र लेबनानबीच भएको ढाँचा सम्झौता तथा व्यापक मध्यपूर्व युद्धको सन्दर्भमा अमेरिका र इरानबीच भएको समझदारीपछि जुनको अन्त्यदेखि गत सातासम्म इजरायल र लेबनानी लडाकु समूह हिजबुल्लाहबीचको द्वन्द्व केही मत्थर भएको थियो ।तर पछिल्ला दिनमा इजरायली सेनाले विशेषगरी नबातिह क्षेत्रमा आफ्ना आक्रमण पुनः तीव्र बनाएको छ ।


बिहीबार इजरायली सेनाले नबातिह सहरबाट केही किलोमिटर टाढा रहेको रणनीतिक 'अली अल-ताहेर' डाँडामा रहेका भूमिगत संरचना कब्जा गरेपछि ध्वस्त पारेको थियो ।

विस्फोटको तीव्रता यति शक्तिशाली थियो कि त्यसबाट उत्पन्न कम्पन भूकम्प मापन गर्ने निकायले समेत महसुस गरेका थिए ।पछिल्ला केही दिनमा यस क्षेत्रमा भएका इजरायली आक्रमणमा एउटै परिवारका १२ सदस्यसहित कम्तीमा २९ जनाको मृत्यु भएको बताइएको छ ।

नबातिहमा तैनाथ लेबनानी सेनाले बुधबार चेतावनी दिँदै इजरायलका गतिविधिले दुई देशबीच भएको ढाँचा सम्झौताको कार्यान्वयनलाई जोखिममा पारेको जनाएको थियो ।

उक्त सम्झौतामा हिजबुल्लाहको निःशस्त्रीकरण, लेबनानको दक्षिणी क्षेत्रबाट इजरायली सेनाको क्रमिक फिर्ती तथा 'पाइलट जोन' (परीक्षण क्षेत्र) का रूपमा चिनिने क्षेत्रबाट सुरु गर्दै दक्षिणी क्षेत्रमा लेबनानी सेनाको तैनाथीलगायतका विषय समेटिएका छन् ।

# सिक्टा सिँचाइः पाँच वर्षभित्र निर्माण सम्पन्न गर्ने तयारी



राँझा। बाँकेमा निर्माणाधीन राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजना आगामी पाँच वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी काम भइरहेको छ। सरकारले पाँच वर्षभित्र आयोजनाको काम सम्पन्न गर्न निर्देशन दिएअनुरुप पछिल्लो समय सिक्टा सिँचाइको काम द्रुत गतिमा भइरहेको आयोजनाका निर्देशक राजु आचार्यले बताउनुभयो।

बजेट र जनशक्तिको अभाव नभए अबको पाँच वर्षभित्र पूर्वाधार निर्माणको सबै सकिने उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार हालसम्म आयोजनाको ५१ प्रतिशत निर्माणको भौतिक प्रगति भएको छ भने यो अवधिमा पूर्वाधार निर्माणतर्फ करिब रु २४ अर्ब खर्च भइसकेको छ। मर्मत सम्भारको काम नियमित रुपमा चल्ने भए पनि आयोजना निर्माणको बाँकी काम पाँच वर्षमा सक्ने गरी अहिले काम भइरहेको छ।

आर्थिक वर्ष २०६२/६३ मा सुरु भएको यो आयोजनाअन्तर्गत बाँकेको राप्ती सोनारी गाउँपालिका अगैयास्थित राप्ती नदीमा तीन सय १७ मिटर क्षेत्रफलमा ब्यारेज निर्माण गरी ४२ हजार सात सय ६६ हेक्टर भूमिमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य राखिएको छ।

नेपाल सरकारको आफ्नै स्रोतबाट निर्माण सुरु गरिएको यो आयोजनाको पश्चिम मूल नहरबाट ३३ हजार सात सय ६६ हेक्टर र पूर्वी मूल नहरबाट करिब नौ हजार हेक्टर जग्गामा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य छ। हाल २५ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको आयोजना निर्देशक आचार्यले जानकारी दिनुभयो।

विसं २०६४ मा स्वीकृत पहिलो गुरुयोजनाअनुसार रु १२ अर्ब ८० करोड लागतमा आव २०७०/७१ सम्पन्न आयोजनाको काम सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। आयोजना निर्माणका क्रममा सरकारले थप नौ हजार हेक्टर क्षेत्रमा नहर बनाउने गरी पूर्वी मूल नहर निर्माणलगायत अन्य संरचना थप गरिएको थियो। आव २०७१/७२ मा संशोधित स्वीकृत गुरुयोजनाले रु २५ अर्ब दुई करोडमा २०७६/७७ सम्म आयोजना सम्पन्न गर्ने लक्ष्य राखेको थियो।

संशोधित गुरुयोजनाको लक्ष्यअनुसार आव २०७६/७७ मा पनि आयोजनाले पूर्णता नपाएपछि पछिल्लो पटक २०७९ मा स्वीकृत गुरुयोजनाअनुसार आयोजनाको सम्पूर्ण काम रु ५२ अर्ब ८९ करोड लागतमा आर्थिक वर्ष २०८९/९० सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको सिक्टा सिँचाइ आयोजनाका सूचना अधिकारी मनोजकुमार साहले बताउनुभयो।

उहाँका अनुसार आयोजनाको शाखा र प्रशाखा निर्माणको काम धमाधम भइरहेको छ। निर्माणका लागि थप ३० वटा बोलपत्र आह्वान भएको छ। आयोजनाअन्तर्गत ४५ किलोमिटर पश्चिम मूल नहर निर्माण भइसकेको छ। यो नहरका सिधनिया, अकलघरुवा र गुरुवागाउँ शाखा नहर पनि सम्पन्न हुने चरणमा छन्। डुडुवा शाखा नहर निर्माण भइरहेको छ।

करिब १६ हजार हेक्टर जग्गामा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य राखिएको डुडुवा शाखा नहर निर्माण लामो समयसम्म अलपत्र परेको थियो। ठेकेदार कम्पनी 'कोस्टल पप्पु जेभी'को विवाद र अदालतमा विचाराधीन मुद्दाका कारण अलपत्र परेको नहर निर्माण गत वर्ष विवाद सल्टाएर नयाँ ठेकेदारमार्फत अगाडि बढाइएको हो। पश्चिम मूल नहरअन्तर्गत अरू थुप्रै उपशाखा र प्रशाखा नहर बनाउन बोलपत्र आह्वान भएको सूचना अधिकारी साहले बताउनुभयो।

गत आर्थिक वर्ष २०८२/८३ मा मात्रै डुडुवा सिँचाइ प्रणालीअन्तर्गत करिब नौ दशमलव पाँच किलोमिटर, पश्चिम नहरतर्फका शाखा, उपशाखा तथा प्रशाखा गरी नौ किलोमिटर, पूर्वी नहरतर्फका शाखा, उपशाखा तथा प्रशाखा गरी नौ दशमलव पाँच किलोमिटर नहर निर्माण, सिञ्चित क्षेत्र बचाउ तथा संरक्षण कार्यअन्तर्गत सात दशमलव पाँच किलोमिटर तटबन्ध निर्माण र पाँच दशमलव पाँच हेक्टर जमिन अधिग्रहण गरिएको छ।

गत आर्थिक वर्षमा सिक्टा सिँचाइ आयोजनालाई विनियोजन भएको रु एक अर्ब ५७ करोडमध्ये रु एक अर्ब ४१ करोड करिव ८९ प्रतिशत वित्तीय प्रगति हुँदा भौतिक प्रगति ९६ प्रतिशत बढी भएको सूचना अधिकारी साहले जानकारी दिनुभयो। आयोजनाको ५३ किलोमिटर पूर्वी मूल नहर निर्माण अधुरै छ।

पूर्वी मूल नहरअन्तर्गत बाँधदेखि वैशागाउँ हुँदै करिब ३५ किलोमिटरसम्म नहर बनेको छ। तर नरैनापुर गाउँपालिका क्षेत्रमा निर्माण रोकिएको छ। आयोजनाका दुवै मूल नहरअन्तर्गत शाखा, उपशाखा र प्रशाखा नहर निर्माण पूरा नहुँदा किसानले आवश्यक परेका बेला बालिमा सिँचाइ गर्न नपाएको सिक्टा आयोजना जल उपभोक्ता समितिका अध्यक्ष शालिकराम डाँगीले बताउनुभयो। रासस

# नेपाललाई समावेशी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा जोड




काठमाण्डु। बेलायती सञ्चारकर्मी, ट्राभल लेखिका तथा अपाङ्गता अधिकार अभियन्ता सोफी मोर्गनले नेपाललाई समावेशी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभएको छ। नेपालमा प्रशस्त पर्यटकीय सम्भावनायुक्त गन्तव्य भएकाले समावेशी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सरोकार भएका निकायबीच थप सहकार्य, भरपर्दो सूचना र पहुँचयोग्य पूर्वाधार आवश्यक रहेको बताउनुभयो।

नेपाल पर्यटन बोर्डमा आयोजित 'जर्निज विथआउट ब्यारियर्सः सोफी मोर्गन इन नेपाल' कार्यक्रममा मोर्गनले आफ्नो हालैको नेपाल यात्राका अनुभव सुनाउँदै अपाङ्गता भएका पर्यटकका लागि नेपालका पर्यटनसम्बन्धी अनुभवलाई थप पहुँचयोग्य बनाउन सकिने उपायबारे धारणा राख्नुभयो। उहाँले हालै 'इम्प्याक्ट एडभेन्चर'सँग काठमाडौँ, पोखरा र उपल्लो मुस्ताङको यात्रा गर्नुभएको थियो।

साहसिक पर्यटक र ह्विलचेयर प्रयोगकर्ता दुवैका रूपमा गरिएको यस यात्राले यातायात, आवास, पर्यटन अनुभव, पूर्वाधार र आतिथ्य सेवामा पहुँचयोग्यताको अवस्थाबारे प्रत्यक्ष अनुभव गर्ने अवसर प्रदान गरेको मोर्गनले उल्लेख गर्नुभयो। आफ्नो यात्राबारे चर्चा गर्दै मोर्गनले नेपालका मानिसको आत्मियता र यहाँको संस्कृति नेपालको सबैभन्दा ठूलो शक्तिमध्ये एक भएको बताउनुभयो।

"नेपालमा यस्ता यात्रा सम्भव बनाउने क्षमता छ, जुन अपाङ्गता भएका धेरै व्यक्तिले आफ्नो पहुँचभन्दा बाहिरको कुरा ठानेका हुनसक्छन्। यो यात्राभर मलाई सबैभन्दा बढी प्रभावित गरेको विषय यहाँका मानिसको आत्मियता, सद्भाव र आतिथ्य भाव हो। त्यो भावना नेपालको ठूलो शक्ति हो, यसलाई अझ राम्रो पहुँचयोग्यता, भरपर्दो सूचना र स्पष्ट योजनासहित अघि बढ्ने हो भने नेपालले अपाङ्गता भएका पर्यटकलाई साँच्चिकै असाधारण यात्रा अनुभव प्रदान गर्न सक्छ", उहाँले भन्नुभयो।

संवादका क्रममा मोर्गनले पहुँचयोग्य पर्यटनको जिम्मेवारी व्यक्तिगत पर्यटन व्यवसाय वा टुर अपरेटर (भ्रमण प्रबन्धक)को मात्र हुन नसक्ने बताउनुभयो। यसका लागि सरकार, पर्यटन व्यवसायी, निजी क्षेत्र र स्थानीय अपाङ्गता समुदायबीच समन्वय र सामूहिक प्रयास आवश्यक रहेको उहाँको भनाइ छ।

"पहुँचयोग्य पर्यटन व्यक्तिगत टुर अपरेटरहरूको मात्र जिम्मेवारी हुन सक्दैन, यसका लागि पर्यटन क्षेत्र, सरकार, व्यवसाय र स्थानीय अपाङ्गता समुदायले मिलेर पहुँचयोग्य पूर्वाधारमा लगानी गर्न, नियमित रूपमा अपाङ्गता सचेतना तालिम सञ्चालन गर्न र संरचनागत अवरोध हटाउन आवश्यक छ। नेपालसँग पहुँचयोग्य पर्यटनलाई एउटा सीमित वा विशिष्ट बजारका रूपमा मात्र नभई पर्यटक, व्यवसाय र समुदाय सबैलाई लाभ पुर्‍याउन सक्ने समग्र पर्यटन क्षेत्रको अवसरका रूपमा हेर्नुपर्दछ", उहाँले भन्नुभयो।

मोर्गनले छलफलमा पहुँचयोग्यता भौतिक पूर्वाधारमा मात्र सीमित नहुने विषय उल्लेख गर्नुभएको थियो। "मेरो लागि पहुँचयोग्यता अन्ततः स्वतन्त्रता, आफ्नो निर्णय आफैँ गर्ने अधिकार र छनोटसँग सम्बन्धित छ अर्थात् आफ्नै सर्तमा सहभागी हुन सक्ने क्षमता, सबै भौतिक अवरोध रातारात हटाउन सम्भव नहुन सक्छ। तर स्पष्ट, विस्तृत र इमानदार सूचना उपलब्ध गराउँदा अपाङ्गता भएका पर्यटकले आफूले के अपेक्षा गर्ने भन्ने बुझ्न र आफ्नै निर्णय लिन सक्छन्, कहिलेकाहीँ राम्रो सूचना उपलब्ध गराउनु यात्रालाई थप समावेशी बनाउने सबैभन्दा सरल र प्रभावकारी कदममध्ये एक हुन सक्छ", उहाँले भन्नुभयो।

नेपाल पर्यटन बोर्डका निमित्त निर्देशक सुनिल शर्माले मोर्गनको नेपाल यात्राले विश्वभरका फरक क्षमता भएका पर्यटकहरूलाई प्रेरित गरेको बताउनुभयो। "नेपालको कास्कीमा पहिलो प्रमाणित पहुँचयोग्य गन्तव्यका रूपमा विकास गरिएको छ। बोर्डले यस्ता गन्तव्य पहिचान गर्दै पूर्वाधार निर्माणमा पनि पहल गरिरहेको छ। गन्तव्यको योजनालाई थप समावेशी बनाउन निजी क्षेत्रसँग सहकार्य गर्न बोर्ड तयार छ", उहाँले भन्नुभयो।

इम्प्याक्ट एडभेन्चरका प्रमुख कार्यकारी अधिकृत पङ्कज प्रधानाङ्गले मोर्गनको नेपाल यात्रा र यस कार्यक्रमको उद्देश्य नेपालको पर्यटन उद्योगलाई थप समावेशी बनाउने विषयमा व्यापक संवाद अघि बढाउनुका साथै साहसिक पर्यटन र पहुँचयोग्यता एकअर्काका विरोधाभासी विषय नभएको सन्देश दिनु रहेको बताउनुभयो।

गत अगस्त ३० देखि सुरु भएको यात्रा सेप्टेम्बर ११ सम्म काठमाडौँ, पोखरा र उपल्लो मुस्ताङसम्म समेटिएको थियो। यस यात्राले नेपाललाई पहुँचयोग्य तथा समावेशी साहसिक पर्यटनको उदीयमान गन्तव्यका रूपमा अन्तरराष्ट्रियस्तरमा चिनाउन र यससम्बन्धी कथा तथा अनुभव प्रस्तुत गर्नसमेत योगदान पुर्‍याउने विश्वास गरिएको छ। रासस

# प्रधानमन्त्री राहत कोषमा सहयोग बढ्दै, हालसम्म साढे १३ अर्ब मौज्दात

काठमाण्डु। प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्ने क्रम जारी छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार शनिबार बिहान ९:०० बजेसम्म कोषको खातामा रु १३ अर्ब ५४ करोड नौ लाख तीन हजार ११७ मौज्दात छ।

कार्यालयका अनुसार भदौ २६ गते साँझ ५:०० बजेपछि मात्रै रु २८ करोड २० लाख १४ हजार ३६६ थपिएको छ। उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका विभिन्न नौ वटा बैंकमा रहेको छ। सरकारले यसअघि उक्त कोषबाट बाढीपीडितका नाममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत रु एक अर्ब निकासा गरिसकेको छ।

त्यस्तै कोषका दुई वटा बैंकका डलर खातामा पनि रकम बढ्ने क्रम जारी छ। भदौ २६ गते साँझ ५:०० बजेपछि उक्त खातामा एक लाख ५४ हजार ७७० डलर थपिएर कूल दुई करोड ३४ लाख ३८ हजार ८४७ अमेरिकी डलर पुगेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ। रासस

# गोर्खाज फाइनान्सद्वारा १५ लाख १८ हजार सहयोग

काठमाण्डु। गोर्खाज फाइनान्स लिमिटेडले रसुवाको भोटेकोशीबाढी प्रभावित नागरिकको राहत, उद्धार तथा पुर्नस्थापनाको लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु १५ लाख १८ हजार ४२६ रकम जम्मा गरेको छ।

फाइनान्समा कार्यरत कर्मचारीहरूले सो उद्धार कोषमा आफ्नो दुई दिनको तलब बराबरको रकम कोषमा प्रदान



गरेका हुन्। फाइनान्सका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र इवाहाङ्गले अर्थमन्त्री स्वर्णिम वाग्लेलाई सो रकम बराबरको चेक हस्तान्तरण गर्नुभयो। रासस

# जलविद्युत् आयोजनामा कार्यरतका आफन्त भन्छन् 'न सास भेट्यो न लास'

रसुवा। जुल्लाको गुठीचौर गाउँपालिका-१ चोथ्राका सर्पसिंह महतारा २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा श्रमिकका रूपमा कार्यरत आफ्ना दुई जना भाइहरूको खोजीका लागि ११ दिनसम्म रसुवाको धुन्चे आसपासमा भौतारिरहनुभयो। उहाँ भदौ १३ गते नुवाकोटको त्रिशूलीबाट हिँडेर आफ्ना भाइहरूको खोजीका लागि रसुवाको सदरमुकाम धुन्चे पुग्नुभयो।

तर, ११ दिनसम्म धुन्चे र माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको वरपर खोजी गर्दा पनि भाइहरू दिनेश महतारा र अङ्गद बुढाको कुनै पनि खबर प्राप्त नभएपछि महतारा निकै निराश हुनुहुन्छ। "एघार दिन रसुवा आसपासमा नै बसेर भाइहरूको खोजीमा जुटिरह्यौँ। तर, कहीँकतै पनि आफ्नो भाइहरूको बारेमा खबर पाउन सकेनौँ", उहाँले भन्नुभयो, "आफन्तको न सास भेट्यो न त लास। यो पीडाले मन निकै भक्कानिरहेको छ।"

आफन्त महताराले जलविद्युत् आयोजनाको सुरुङमार्गबाट चिनियाँ नागरिकको उद्धार भएपछि हाम्रो आफन्त पनि सकुशल फर्किएलान् भन्ने आशा बढेपनि अहिले भने आफूमा निराशा छाएको बताउनुभयो। "सुरुङबाट चिनियाँ नागरिकको उद्धार भएपछि त हाम्रा भाइहरू पनि सकुशल भेटिएलान् भन्ने निकै आशावादी भएका थियौँ", उहाँले भन्नुभयो, "अब भाइहरू बाँचेर आउने आशा पनि मरिसक्यो। अब घरमा परिवारलाई के भन्ने होला?"

उहाँ मात्रै होइन, जुम्लाको पातारासी गाउँपालिकाबाट कालीबहादुर बोहरा पनि आफ्नो भतिज कुमार बोहराको खोजीको लागि रसुवा आसपास क्षेत्रमा धेरै दिनसम्म भौतारिरहनुभयो। "हामी त भतिज कुमार पक्कै भेट्टिएलान् भनेर नै त्रिशूलीदेखि हिँडेर धुन्चेसम्म आइपुगेका थियौँ। एघार दिनसम्म यहाँ वरपर खोजी गर्दा पनि नभेट्टिएपछि अमिलो मन लिएर फर्किन बाध्य छौँ", उहाँले भन्नुभयो, "माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाले अपेक्षाकृत ढङ्गले खोजी नगर्दा पनि आफन्तको न सास पायौँ न त लास नै।"



बाढीपछि बेपत्ता भएका आफन्तहरूको खोजीका लागि रसुवा पुग्नुभएका महतारा र बोहरा आफन्तको कुनै पनि खबर नपाएपछि यही भदौ २५ गते नेपाली सेनाको हेलिकप्टरमार्फत त्रिशूली फर्किनुभएको छ। जुम्लाको पातारासी गाउँपालिका ४९ र गुठीचौर गाउँपालिकाका नौ गरी ५८ जना सम्पर्कविहीन भएका छन्। यी ५८ जना माथिल्लो त्रिशूली-ए जलविद्युत् आयोजनाबाट सम्पर्कविहीन भएका बोहराले बताउनुभयो। बेपतका परिवारले कम्पनीको तर्फबाट सम्पर्कविहीन भइरहेका कामदारको खोजीमा प्रभावकारी ढङ्गले काम हुन नसकेको गुनासो गरेका छन्।

भोटेकोशी नदीमा यही भदौ १० गते गएको बाढीको कारणले २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत ५३८ जना कर्मचारी तथा श्रमिक सम्पर्कविहीन अझै पनि छन्। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अनुसार सो आयोजनाबाट ८७८ जना सकुशल उद्धार र सात जनाको शव भेट्टाइएको छ।

इप्पानका अनुसार सम्पर्कविहीन हुनेमा नौ जना कोरियन नागरिक, ३४ चिनियाँ नागरिक र ५० भारतीय नागरिक र बाँकी सबै नेपाली नागरिक छन्। सो आयोजनामा कूल एक हजार ४३३ जना कार्यरत रहेका थिए। माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रालि हो। आयोजनाको मुख्य सिभिल संरचना निर्माणको ठेक्का पाएको सहायक ठेकेदार कम्पनी पावर चाइनाका तीन सय ८५ जना सम्पर्कविहीन भएका छन्।

त्यसैगरी, हाइड्रो मेकानिकल तथा इलेक्टो मेकानिकल सहायक ठेकेदार एन्ड्रिज हाइड्रोका ९४ जना सम्पर्कविहीन रहेका छन्। नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रालिका १५, परामर्शदाता कम्पनी जेड कन्सल्टका सात, मुख्य निर्माण ठेकेदार डुसानका तर्फबाट ५६ जना अहिलेसम्म पनि सम्पर्कविहीन रहेका इप्पानले जनाएको छ।


कम्पनीका अनुसार माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाबाट भने ८७८ जनाको उद्धार गरिएको छ। यो आयोजना रसुवा जिल्लाको आमाछोदिङ्मो गाउँपालिका-१ हाकु क्षेत्र तथा उत्तरगया गाउँपालिका-१ मा निर्माणाधीन अवस्थामा रहेको थियो। यो आयोजना २०८४ साउनभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको थियो।

कम्पनीका अनुसार बाढीले आयोजनाको निर्माण सम्पन्न हुन लागेको बाँधलगायतका संरचना (हेडबर्क्स) र कार्यालय तथा आवास क्षेत्र पूर्ण रूपमा बगाएको छ। बाढी आउनुअघि पूर्वसूचना जारी गरिएको भए पनि अत्यन्त छोटो समयमा ठूलो बाढी तथा लेदो आयोजनास्थलमा प्रवेश गरेका कारण निर्माणस्थल तथा कार्यालयमा कार्यरत अधिकांश कर्मचारी तथा श्रमिक सुरक्षित स्थानतर्फ जान नसकेको कम्पनीले जनाएको छ। रासस

# बाढीपीडितका लागि एनआरएनए उपाध्यक्ष गैरेद्वारा पाँच लाख सहयोग

लिस्बन। गैरआवासीय नेपाली संघ अन्तरराष्ट्रिय समन्वय परिषद् (एनआरएनए)का उपाध्यक्ष तिलकप्रसाद गैरेले बाढीपीडितका लागि रु पाँच लाख आर्थिक सहयोग गर्नुभएको छ। रसुवाको भोटेकोशीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि गैरेले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम सहयोग गर्नुभएको हो।

बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनमा सहयोग पुगोस् भन्ने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम जम्मा गरिएको उहाँले बताउनुभयो।



"देशमा ठूलो सङ्कट परेका बेला सकेको सहयोग गर्नुपर्छ भन्ने भावनाले रकम उपलब्ध गराएको हुँ", उहाँले भन्नुभयो।

बाढीबाट प्रभावित रसुवाका करिब ५० परिवारलाई राहत सामग्रीसमेत वितरण गर्ने योजना रहेको पनि उहाँले बताउनुभयो। नवलपुरको गैँडाकोटका गैरे विगत दुई दशकदेखि पोर्चुगल बस्दै आउनुभएको छ। गैरआवासीय नेपाली सङ्घ पोर्चुगलका पूर्वअध्यक्षसमेत रहनुभएका उहाँले पोर्चुगलमा लामो समयदेखि कृषि व्यवसाय गर्दै आउनुभएको छ। रासस

# बजेट निर्माण प्रक्रिया तत्काल अगाडि बढाउने प्रदेश सरकारको निर्णय

सुदूरपश्चिम। सुदूरपश्चिम प्रदेश सरकारले बजेट निर्माण प्रक्रियालाई तत्काल अगाडि बढाउने निर्णय गरेको छ। शनिबार बसेको मन्त्रिपरिषद् बैठकले बजेटको पुनरावलोकन तथा परिमार्जनसहित पुनर्लेखनका लागि तत्काल प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो।

सरकारका प्रवक्ता एवं उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री प्रकाश रावलले बजेट निर्माणका लागि आवश्यक नीतिगत, कानुनी तथा प्राविधिक प्रक्रिया अगाडि बढाउन आर्थिक मामिला मन्त्रालयलाई अधिकार प्रदान गर्ने निर्णय गरिएको जानकारी दिनुभयो। "बजेट होलिडेको अवस्था रहेकाले नवगठित सरकारका नीतिगत प्राथमिकताका आधारमा बजेट निर्माणको काम तत्काल अगाडि बढाउने निर्णय भएको छ। यस प्रक्रियालाई प्रभावकारी र व्यवस्थित रूपमा अघि बढाउँदै आवश्यक संशोधन तथा परिमार्जन गरी अन्तिम रूप दिने प्रक्रिया तीव्र बनाउने र त्यसको अधिकार आन्तरिक मामिला मन्त्रालयलाई दिने निर्णय भएको छ", उहाँले भन्नुभयो।

यसैगरी, विगत १० महिनादेखि प्रदेशको प्रमुख सचिवका रूपमा कार्यरत वैकुण्ठप्रसाद अर्यालको सरुवा भएकाले धन्यवादसहित बाँकी शुभकामना दिने निर्णय गरिएको छ। रासस

# पोखरी जग्गा अतिक्रमणमुक्त अभियानमा विवाद

# उपमहानगरले सहयोग नगर्ने भनेपछि हाल डोजर चल्ने कार्य रोकियो

पोखरी तथा पोखरीको डिल अतिक्रमण गरिएको भन्दै फुसका घर, झोपडी र टहरा हटाइए पनि सोही क्षेत्रमा रहेका केही पक्की संरचना भने लालपुर्जा रहेको भन्दै नहटाइएको आरोप स्थानीयस्तरबाट उठिरहेको छ । स्थानीयहरुले गुठी जग्गा अधिनस्थको लालपुर्जा कसरी बन्यो, त्यसको छानबीन गरी संलग्न दोषीहरुलाई कारवाही गर्नु माग गर्दै आएका छन् ।

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामस्थित पोखरी तथा पोखरीको डिल अतिक्रमणमुक्त पार्ने गुठी संस्थानको अभियान विवादित बनेको छ ।

गुठी संस्थानद्वारा गठित गुठी जग्गा संरक्षण तथा व्यवस्थापन सम्बन्धी उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६२ कार्यान्वयन समितिले दोस्रो चरणमा १५ वटा पोखरी तथा पोखरीको डिलमा अतिक्रमण गरी बनाइएका संरचना शनिवार डोजरले हटाउने तयारी गरे पनि जनकपुरधाम उपमहानगरपालिकाको असहयोगले अभियान तत्कालका लागि स्थगित भएको बुझिएको छ ।

समितिले भदौ १९ गते सूचना प्रकाशित गर्दै दोस्रो चरणमा विभिन्न १५ वटा पोखरीको जग्गा अतिक्रमण गरी बनाइएका संरचना हटाउने ७ दिने सूचना जारी गरेको थियो । शनिबारदेखि डोजर लगाएर संरचना भत्काउने तयारी भए पनि उपमहानगरपालिकाले स्काभेटर उपलब्ध नगराएपछि कार्यक्रम नै स्थगित भएको छ ।



जिल्ला प्रशासन कार्यालय धनुषामा समितिका पदाधिकारीको बैठक बसेर उपहानगरको असहयोग भयो भनेर हाललाई स्थगित गर्ने भनी निर्णय गरिएको बताइएको छ । तर समितिका पदाधिकारीले स्थगित नगरिएको दाबी गरेका छन ।

समितिका सदस्य सचिव जनक पोखरेलले अभियान स्थगित होइन, सम्बन्धित स्थानीय व्यक्तिहरुले आफ्नो संरचना आफै हटाउने प्रतिबद्धता जनाउँदै केही समय माग गरेकाले १५ दिने अल्टिमेटमसहित हाललाई डोजर चलाउने कार्य रोकिएको बताएका छन् ।

यता उपमहानगरपालिकाले गुठी संस्थानले कुनै स्पष्ट मापदण्ड, प्रक्रिया र स्थानीय तहसँगको समन्वयबिनै सार्वजनिक संरचनासमेत अतिक्रमणको सूचीमा राखेर भत्काउन खोजेको आरोप लगाउँदै अभियानमा सहयोग गर्ने बताएका छन् ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहले समितिले उपमहानगरपालिकासँग कुनै समन्वय नगरी एकलौटी रुपमा बैठक बसेर मनपरी ढंगले सार्वजनिक संरचना समेत भत्काउन खोजेकाले सहयोग नगर्ने निर्णय गरिएको बताए । उनले भने 'कसैले निजी रूपमा गुठीको पोखरी वा जग्गा अतिक्रमण गरेको छ भने त्यसलाई हटाउने विषयमा हाम्रो आपत्ति छैन, तर उपमहानगरपालिका, प्रदेश तथा संघीय सरकारकै लगानीमा निर्माण भएका शौचालय, विद्यालय, योग शिविरलगायतका सार्वजनिक संरचना पनि कुनै छलफल र मापदण्डबिना भत्काउन खोजिएकाले आफूहरु सहयोग नगर्ने निर्णय गरेका छौं ।'

मेयर साहले पोखरीको डिल कति क्षेत्रफल कायम गर्ने, कुन संरचनालाई अतिक्रमण मान्ने, भत्काइएका संरचनाको भग्नावशेष कसरी र कहाँ व्यवस्थापन गर्ने तथा अतिक्रमणमुक्त गरिएका पोखरीको संरक्षण र व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा स्पष्ट मापदण्ड नै निर्धारण गरी हचुवाको भरमा अभियान संचालन गरिएको भनी आपति जनाएका छन् ।

यसैबीच नागरिक समाजका अगुवा एवं युवा अभियन्ता सरोजकुमार मिश्रले गुठी संस्थानको अभियान साना गरीबहरुको संरचनामाथि मात्र केन्द्रित भएको आरोप लगाए । उनले गुठीको यस अभियानलाई 'सानाका लागि ऐन र ठूलाका चैन' को संज्ञा दिएका छन् ।

'सत्तारुढ दल रास्वपाले यसलाई पछिल्ला निर्वाचनमा गरेका वाचा पुरा गर्ने क्रममा अवरोध भएको भनी आगामी निर्वाचनका लागि एजेण्डा बनाउन खोजेको भन्दै उनले 'जनकपुरधामको ८०-८५ प्रतिशत जग्गा गुठी संस्थानकै रहेको भनिन्छ । अतिक्रमणको नाममा सबै खाली गराउने हो भने जनकपुरधाम नै खाली गर्नुपर्ने अवस्था आउँने' बताए ।

### सार्वजनिक शौचालय भत्काएपछि विवाद

गुठी संस्थानले पहिलो चरणमा जनकपुरधामका सातवटा पोखरी तथा पोखरीका डिलमा रहेका अतिक्रमण हटाउने अभियानको क्रममा पेठिया बजार स्थित गोडधोइ पोखरीको डिलमा निर्माण गरिएको सार्वजनिक शौचालय डोजरले लगाएर भत्काएको थियो ।

दोस्रो चरणमा समेत जिरोमाइल नजिकको लबकी पोखरीको डिलमा रहेको शौचालय र योग शिविरमा रेखांकन गरी संरचनामा स्टीकर टाँस्दा उपमहानगरपालिकाले आपत्ति जनाउँदै अभियानविरुद्ध उत्रेका हुन् ।

बिना कुनै मापदण्ड निर्धारण अभियान संचालन गरिएको आरोप बारे समितिका सदस्य सचिव पोखरेलले ठाडो अस्वीकार गरेका छन् । उनले नेपाल सरकारको निर्देशनमा गुठी संस्थानद्वारा गठित समितिले आवश्यक प्रक्रिया र मापदण्ड बनाएर नै अभियान सञ्चालन गरिएको दाबी गरेका छन् ।

उपमहानगरपालिकासँगको असन्तुष्टि बारे आफूलाई जानकारी नभएको बताएका छन् । मेयर साहले उठकाएको प्रश्न बारे उनले पेठिया बजारको शौचालय प्राविधिक कारणले तोडियो, अन्य शौचालय वा सार्वजनिक हितका संरचना भत्काइदैन, तर रेखांकन गरी स्टीकर टाँस गरिने बताए ।

अतिक्रमण हटाएपछि तोडफोडले निस्केको भग्नावशेष, पोखरी तथा त्यसको डिलको व्यवस्थापन र सौन्दर्यीकरणको जिम्मेवारी समितिको होइन गुठी संस्थानले उपमहानगरपालिकाको समन्वयमा काम गर्ने भन्ने मापदण्ड रहेको पोखरेलले भने ।

गुठीको अभियानलाई लिएर स्थानीयस्तरमा समेत आलोचना तीव्र रुपमा बढ्दै गएको छ । पोखरी तथा पोखरीको डिल अतिक्रमण गरिएको भन्दै फुसका घर, झोपडी र टहरा हटाइए पनि सोही क्षेत्रमा रहेका केही पक्की संरचना भने लालपुर्जा रहेको भन्दै नहटाइएको आरोप स्थानीयस्तरबाट उठिरहेको छ । स्थानीयहरुले गुठी जग्गा अधिनस्थको लालपुर्जा कसरी बन्यो, त्यसको छानबीन गरी संलग्न दोषीहरुलाई कारवाही गर्नु माग गर्दै आएका छन् ।

दोश्रो चरणमा समितिले लबकी पोखरी (रजौल), देवान पोखरी (चन्द्रकूप), मध्यमासर, रुक्मिणी सर, विडाल सर (विराही), गेन्ही पोखरी, ठाडी पोखरी, कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी (जिरोमाइलभन्दा उत्तरपूर्वी), लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहार कुण्डलगायतका पोखरी तथा तिनका डिलमा भएको अतिक्रमण हटाउन ७ दिने सूचना भदौ १९ गते जारी गरेको थियो ।

# वृहत्तरको अध्यक्षमा झा र सदस्यमा मिश्र नियुक्त



**टुडे समाचारदाता**

जनकपुरधाम । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् को अध्यक्षमा कौशल किशोर झा र सदस्यमा अजित मिश्रलाई नियुक्त गरिएको छ ।

नेपाल सरकारले गरेको नियुक्तिसँगै बृहत्तर जनकपुर क्षेत्रको विकास, संरक्षण तथा धार्मिक सांस्कृतिक सम्पदाको प्रवर्द्धनमा नयाँ नेतृत्वले प्रभावकारी भूमिका खेल्ने विश्वास लिएको छ ।

नवनियुक्त अध्यक्षमा झाले आफूहरूको प्राथमिकतामा बृहत्तर जनकपुर क्षेत्रको समग्र विकाससँगै यहाँका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन रहने बताए ।

जनकपुरधामको धार्मिक पर्यटनलाई व्यवस्थित बनाउँदै क्षेत्रको पूर्वाधार विकास, सम्पदा संरक्षण र स्थानीय समुदायको सहभागितालाई जोड दिनुपर्ने आवश्यकता रहेको उनले बताए ।

त्यस्तै, परिषद्का नवनियुक्त सदस्य मिश्रले पनि जनकपुरधामको धार्मिक तथा सांस्कृतिक पहिचानलाई थप स्थापित गर्दै विकासका कामलाई प्रभावकारी रूपमा अघि बढाउन आफूहरूले भूमिका खेल्ने बताए ।

विशेषगरी जनकपुरधामसँग जोडिएका ऐतिहासिक तथा सांस्कृतिक स्थलको संरक्षण, प्रचारप्रसार र पर्यटकीय सम्भावनाको उपयोगमा परिषद्ले ध्यान दिनुपर्ने आवश्यकता रहेको उनले बताए ।

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले विगतदेखि नै जनकपुरधामसहित आसपासका धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक क्षेत्रको संरक्षण र विकासमा काम गर्दै आएको छ । नयाँ नेतृत्वसँगै परिषद्को कामलाई थप गतिशील बनाउने चुनौती पनि थपिएको छ ।

अध्यक्ष झा र सदस्य मिश्रको कार्यकालमा जनकपुरधामको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा थप उजागर गर्दै समग्र विकासले गति लिने विश्वास व्यक्त गरिएको छ ।

जनकपुरधामलाई धार्मिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा विकास गर्न सम्पदा संरक्षणसँगै आधुनिक पूर्वाधार, सरसफाइ, सौन्दर्यीकरण र पर्यटकीय सेवा विस्तारमा समेत परिषद्को भूमिका महत्वपूर्ण हुने देखिएको छ ।

# सीमापार व्यापारदेखि बाढी राहतसम्मको सहकार्यमा भारतीय राजदूत श्रीवास्तवको जोड



**टुडे समाचारदाता**

वीरगञ्ज । नेपालका लागि भारतीय राजदूत महामहिम नवीन श्रीवास्तवले भारत-नेपाल सम्बन्धलाई थप सुदृढ बनाउँदै सीमापार व्यापार, पूर्वाधार, विपद् व्यवस्थापन तथा विकास सहकार्यलाई प्रभावकारी बनाउने विषयमा जोड दिएका छन् ।

राजदूत श्रीवास्तवको दुईदिने वीरगञ्जको भ्रमण गर्दै नेपाल-भारतबीचको व्यापारिक तथा सामाजिक सम्बन्धसँग जोडिएका विभिन्न पक्षबारे सरोकारवालासँग छलफल गरेका हुन् ।

शुक्रवार वीरगञ्ज आइपुगेका राजदूत श्रीवास्तवले एकीकृत जाँच चौकी (आईसीपी) को निरीक्षण गरी वीरगञ्ज भन्सार प्रमुख, टर्मिनल प्रमुखलगायतका अधिकारीसँग भेटघाट गर्दै उनले नेपाल-भारतबीचको सीमापार व्यापारलाई सहज, व्यवस्थित र प्रभावकारी बनाउन भइरहेका कामबारे जानकारी लिएका छन् ।

त्यसपछि राजदूत श्रीवास्तवले भारततर्फको रक्सौलस्थित आईसीपीको पनि भ्रमण गरे। त्यहाँ उनले भारतीय भूमि पत्तन प्राधिकरण (एलपीएआई), सशस्त्र सीमा बल (एसएसबी), भन्सार, अध्यागमन, प्लान्ट क्वारेन्टाइन तथा एफएसएसएआईका वरिष्ठ अधिकारीसँग भेट गरी सीमापार व्यापार सहजीकरण र दुई देशका सम्बन्धित निकायबीचको समन्वयबारे समीक्षा गरे ।

राजदूतले रक्सौलस्थित भारतीय दूतावासको बंगलामा पुगेर वृक्षरोपणसमेत गरे। साँझ उनले भारत-नेपाल सहयोग मञ्च तथा नेपाल-भारत मैत्री संघका प्रतिनिधिमण्डलसँग भेटघाट गरे । त्यसपछि वीरगञ्जका उद्योगपति तथा वीरगञ्ज उद्योग वाणिज्य संघ, एनआईसीसीआई र एनवाईईएफका प्रतिनिधिसँग अन्तरक्रिया गर्दै व्यापार तथा औद्योगिक क्षेत्रका विषयमा छलफल गरे ।

शनिबार बिहान राजदूत श्रीवास्तवले स्थानीय पत्रकारसँग अन्तरक्रिया गरेका थिए। भेटघाटका क्रममा उनले भारत र नेपालबीचको गहिरो तथा दिगो मित्रतामा जोड दिँदै नेपालको विकासमा भारतको निरन्तर सहयोग र प्रतिबद्धता कायम रहने बताए ।

उनले हाल नेपालमा आएको विनाशकारी बाढीपछि भारतले उपलब्ध गराउँदै आएको राहत तथा उद्धार सहयोगबारे पनि जानकारी गराए। उनका अनुसार अगस्ट २६ देखि भारतले नेपालका बाढी प्रभावितका लागि १३० टनभन्दा बढी राहत सामग्री पठाइसकेको छ। आश्रय सामग्री, कम्बल, स्वच्छता किट, सौर्य बत्ती र औषधिसहितका सामग्री आठ वटा भारतीय वायुसेनाका उडानमार्फत नेपाल ल्याइएको उनले बताए ।

त्यसैगरी चिलिमे र लाङटाङ क्षेत्रमा उद्धार कार्यका लागि विशेष सुरुङ उद्धार टोलीसहित ५४ जना विशेषज्ञ कर्मचारी परिचालन गरिएको जानकारी राजदूतले दिए। भारतले डीएनए किट तथा फोरेन्सिक सहयोग उपलब्ध गराउनुका साथै बाढीका कारण अवरुद्ध कनेक्टिभिटी पुनर्स्थापित गर्न बेलिब्रिज निर्माणका उपकरणसमेत उपलब्ध गराएको छ। २३० फिट लामो पुल निर्माणका लागि १६ ट्रक सामग्री तथा थप सातवटा पुलका लागि आवश्यक सामग्री आपूर्ति गरिएको भारतीय पक्षले जनाएको छ ।

# राप्रपा धनुषा अधिवेशन बन्यो विवादित

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) धनुषाको जिल्ला अधिवेशन विवादित बनेको छ । पार्टीभित्रकै एक पक्षले बहिष्कार गरेपछि विवादित बनेको हो ।

अधिवेशनबारे आफूहरूलाई कुनै जानकारी नदिइएको भन्दै राप्रपाका केन्द्रीय सुशासन विभागका केन्द्रीय सदस्य श्रवण झा नेतृत्वको पक्षले अधिवेशन बहिष्कार गरेपछि विवादमा परेको हो ।

झाका अनुसार आफूहरूलाई अधिवेशनबारे औपचारिक रूपमा कुनै सूचना दिइएको थिएन । अन्य माध्यमबाट सूचना पाएपछि मात्रै अधिवेशन हुन लागेको जानकारी भएको भन्दै उनले आपत्ति जनाए ।

वडा समिति, क्षेत्रीय समिति लगायतका आधारभूत तहका समितिहरूको अधिवेशन नै सम्पन्न नभएको अवस्थामा जिल्ला अधिवेशन गर्नु पार्टीको विधान र प्रक्रियासम्मत नभएको झाको भनाई छ ।

आफूहरूले उठाएका विषयलाई सम्बोधन नगरी अधिवेशन अघि बढाइए समानान्तर जिल्ला समिति गठन गर्नसमेत पछि नहट्ने उनले चेतावनी दिएका छन् । अधिवेशन बहिष्कार गरेपछि राप्रपाकै नेता तथा कार्यकर्ताहरूले राप्रपा मधेश प्रदेशका अध्यक्ष भरत गिरीविरुद्ध नाराबाजीसमेत गरेका थिए । नाराबाजी गर्दै उनीहरू अधिवेशनस्थलबाट बाहिरिएका थिए । जिल्ला नेतृत्व चयनका विषयमा देखिएको असन्तुष्टिले आगामी दिनमा पार्टीभित्रको विवाद थप चर्किन सक्ने देखिएको छ ।

उता सातौं जिल्ला अधिवेशनबाट रामचन्द्र यादव तेस्रो कार्यकालका लागि निर्विरोध निर्वाचित भएको दाबी गरेका छन् ।

शनिबार जनकपुरधाममा सम्पन्न अधिवेशनले यादवलाई पुनः जिल्ला अध्यक्षमा चयन गरिएको उनको भनाई छ । अधिवेशनबाट जिल्ला नेतृत्वसँगै पार्टीको आगामी गतिविधि र संगठन सुदृढीकरणका विषयमा समेत छलफल भएको उनले बताएका छन् ।

